सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ असोज २०८०, शनिबार (14 Oct 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झन् नयाँ

भिँभागाउँको
कथा



कतै डकैती हुँदा प्रहरीले पहिलो शंका भिँभावासीलाई गर्छन् ।

तर, भिँभावासी भन्छन्, 'हामी आमनागरिकसरह बाँच्न चाहन्छौं । तर, राज्य पटक-पटक हामीलाई डाँका नै बनाइरहन्छ ।

कसलाई सुनाऊँ हाम्रो पीडा ?

मधेसतिर
● हदिश खुद्दार

भुइँकुहिरोभित्र एक साधक
संगीत
● प्रकाश थाम्सुहाङ



गणेश रसिकका प्रियहरूले क्रमैसँग उनलाई एक्लो पार्दै गए

उच्चतम मूल्यमै नेपालबाट भारतमा बिजुली निर्यात

दैनिक २० करोडसम्म आम्दानी, यो आवमा १५ अर्बको निर्यात गर्ने लक्ष्य

(विस्तृत पृष्ठ ७)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

देउवालाई शेखरको धक्का

डा. शेखर कोइरालालाई मनाउने गठबन्धनका नेताहरूको प्रयास असफल, कांग्रेसका आठ सांसदको हस्ताक्षर मुख्यमन्त्रीका दुवै दाबेदारको प्रस्तावमा देखिएपछि प्रदेश प्रमुखले आज समर्थक सांसदलाई उपस्थित गराएर सनाखत गराउँदै



● **गुरुराज घिमिरे,** कांग्रेस नेता

दलीय व्यवस्थामा पार्टीको 'अनरसिप' नहुने सरकार बनाएर कांग्रेसलाई फाइदा छैन । यो गलत बाटो भयो । या त केन्द्रमा एउटा गठबन्धन भए पनि प्रदेशमा हामी एमाले र कांग्रेस मिलेर अर्को गठबन्धनको अभ्यास गर्‍यौं भनेर आउनुपर्थ्यो । जुनसुकै भए पनि पार्टीले अनरसिप लिने गरी सरकार बन्नुपर्छ । अबको कदम प्रदेश प्रमुखको स्वविवेकमा पनि भर पर्छ । मध्यावधिमा जाने बाटोमा गयो भने त्यो उपयुक्त हुँदैन । मुलुकका लागि दुर्भाग्य हुन्छ ।



● **वर्षमान पुन,** उपमहासचिव, माओवादी

कोशीमा देखिएको कांग्रेसको समस्या भयो । शनिबारको घटनाक्रमअनुसार राष्ट्रिय राजनीतिमा त्यसको असर देखिन सक्छ । गठबन्धनको भविष्य निर्धारण गर्न सक्ने भएकाले कांग्रेसले लिने बाटोमा भर पर्छ । तर, अहिले मध्यावधिमा जाने अवस्थाका लागि कोही पनि तयार छैनन् ।

काठमाडौंमा **केशवप्रसाद पाण्डे**
विराटनगरमा **गणेश लम्साल**

मुख्यमन्त्रीका लागि प्रदेश सभाका दुई सांसदले आवश्यक सांसदको हस्ताक्षरसहित दाबी गरेपछि कोशीका प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्री नियुक्तिको प्रक्रिया एक दिन लम्ब्याएका छन् । प्रदेश प्रमुख खापुङले बहुमत परीक्षणका लागि प्रदेश सभा सदस्यलाई प्रदेश प्रमुखको कार्यालयमा सशरीर उपस्थित हुन निर्देश गरेका छन् ।

कोशी प्रदेशको मुख्यमन्त्री नियुक्तिका लागि शनिबार बिहान ८ बजेदेखि २ बजेसम्म परिचय खुल्ने प्रमाणसहित उपस्थित हुन प्रदेश सभा सदस्यलाई प्रदेश प्रमुखको कार्यालयले आह्वान गरेको छ । गठबन्धनका तर्फबाट इन्द्रबहादुर आङ्बो र एमालेको

» पृष्ठ २ मा क्रमशः

■ दिनभर दौडधुप : शेखरलाई फकाउन राष्ट्रपति पनि सक्रिय

कोशीमा विकसित राजनीतिक घटनाक्रम आफूअनुकूल बनाउन मुख्यमन्त्री दाबी गर्ने दुवै पक्ष शुक्रबार दिनभर दौडधुपमा व्यस्त रहे । कांग्रेस नेता डा. शेखर कोइरालालाई फकाउन काठमाडौंमा दिनभर कोसिस भए । कोइरालालाई फकाउन कांग्रेस संस्थापन पक्ष, गठबन्धनका नेता मात्र होइन राष्ट्रपति आफैं पनि सक्रिय देखिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले समेत डा. कोइरालालाई टेलिफोन सम्पर्क गरी नाम फिर्ता लिन आग्रह गरेका थिए । कोइरालानिकट स्रोतका अनुसार राष्ट्रपति पौडेलले 'गठबन्धनमा अप्ठ्यारो पार्ने काम नगर्नुस्, नाम फिर्ता लिनुस्' भन्दै आग्रह गरेका थिए । तर, जवाफमा कोइरालाले 'आफू कुनै पनि हालतमा पछाडि नहट्ने' सन्देश दिएका थिए । 'कुनै पनि हालतमा नाम फिर्ता हुँदैन । तपाईंहरू मलाई भित्तामा पुऱ्याउने प्रयास नगर्नुस्, राष्ट्रप्रमुख भएर राजनीतिमा चासो नदेखाउनुहोस्,' राष्ट्रपतिसँगको संवादबारे कोइरालाले आफूनिकट पदाधिकारी र केन्द्रीय सदस्यसँग भनेका छन् ।

पार्टी बैठकमा दबाब हुन सक्ने देखिएपछि कोइराला आफैं केन्द्रीय कार्यसम्पादन समिति बैठकमा अनुपस्थित रहे । बैठकअगाडि बालुवाटार पुगेर कोइरालासहित कांग्रेस सभापति शेरबहादुर देउवा, महामन्त्री विश्वप्रकाश शर्मा, नेता कृष्ण सिटौला र मीनेन्द्र रिजालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग कोशीको घटनाक्रमबारे छलफल गरेका थिए ।

कार्कीको नाम फिर्ता लिएर गठबन्धनको पक्षमा उभिन नेताहरूले गरेको आग्रह कोइरालाले अस्वीकार गरेका थिए । स्रोतका अनुसार बैठकमा कोइरालाले कार्कीलाई समर्थन गरेर जानुको विकल्प नरहेको बताएका थिए । 'यत्रो हस्ताक्षर गरेर बुझाइसकिएको छ । म ब्याक हुन्नँ, मलाई नौटंकी गर्न आउँदैन । तपाईंहरू केदारलाई समर्थन गर्नुस्, बरु सरकार गठन के-कसरी गर्ने, छलफल गरौंला,' कोइरालाको भनाइ उद्धृत गर्दै बैठकमा सहभागी एक नेताले भने ।

■ दुवैतिर हस्ताक्षर भएका कांग्रेसका आठ सांसद



इन्दिरा थापा



केदार कार्की



गोविन्द गिरी



मानबहादुर लिम्बू



रामकुमार खत्री



लीलाकुमारी राई




शमशेर राई



सुनिताकुमारी गुरुङ

आउँछु-आउँछु भनेर बैठकमै आएनन् शेखर कोइराला



● **मीन विश्वकर्मा,** प्रचार विभाग प्रमुख, कांग्रेस

बैठकमा आउँछु-आउँछु भन्दै शेखर कोइराला अनुपस्थित हुनुभयो । शनिबार बिहान फेरि बैठक बस्छ, उहाँ बैठकमा आउनुहुन्छ, अनि छलफल गरेर टुंगोमा पुऱ्याउँछौं । कोशीमा कांग्रेस फुटिहालेको अवस्था होइन । सबै असन्तुष्टि विभाजनमा जान्छन् भन्ने छैन । यसलाई व्यवस्थापन गर्न सक्छौं भन्ने लागेको छ ।

शुक्रबार दिँउसो ३ बजे बोलाइएको कांग्रेस बैठक बालुवाटारमा प्रधानमन्त्रीसँगको छलफलका कारण झन्डै दुई घन्टा ढिलो गरी बसेको थियो । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार प्रधानमन्त्री प्रचण्डले छलफलका क्रममा कांग्रेसभित्रको समस्या समाधान गरेर आए माओवादीले कांग्रेसले अघि सार्ने उम्मेदवारलाई समर्थन गर्न सकिने बताएका थिए । तर, त्यसका लागि एमालेको समर्थनमा मुख्यमन्त्री दाबी गरेका कार्कीको नाम फिर्ता लिनुपर्ने सर्त प्रधानमन्त्रीको थियो ।

प्रधानमन्त्री प्रचण्डको प्रस्तावलाई डा. कोइरालाले अस्वीकार गरेको कांग्रेस बैठकमा पदाधिकारीले ब्रिफिङ गरेका थिए ।

'प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई मुख्यमन्त्री दिन तयार छौं । इन्द्र आङ्बोलाई दाबी फिर्ता लिन लगाउँछु, तपाईंले नाम दिनुहोस् भन्नुभयो । तर, उहाँले नाम दिनुभएन,' विश्वकर्माले बैठकमा भएको ब्रिफिङबारे भने ।

प्रदेश प्रमुखले मुख्यमन्त्रीमा दाबी गर्ने समयसीमा शुक्रबार ५ बजेसम्म तोकेका थिए । तर, कांग्रेस बैठककै बीचमा मुख्यमन्त्री दाबी गर्न प्रदेश प्रमुखले दिएको समयावधि सकिएको थियो । यसबीचमा प्रदेश प्रमुखबाट शनिबार सनाखत गरेर मात्रै मुख्यमन्त्री नियुक्त गर्ने निर्णय आयो । त्यसपछि कांग्रेस बैठक विनानिष्कर्ष टुंगियो ।

कोइराला अनुपस्थित हुँदा ठोस निष्कर्षमा पुग्न नसकेको भन्दै शनिबार थप छलफल गरेर टुंगोमा पुग्ने प्रयास गर्ने कार्यसम्पादन बैठकको निर्णय आयो । बैठकपछि प्रचार विभाग प्रमुख विश्वकर्माले कार्यसम्पादन समिति बैठक विनानिष्कर्ष टुंगिएको, तर पार्टीभित्रको असन्तुष्टि व्यवस्थापन र गठबन्धन जोगाउने गरी निकास दिने विषयमा छलफल भएको बताए ।

'बैठकमा आउँछु-आउँछु भन्दै शेखर कोइराला अनुपस्थित हुनुभयो । शनिबार बिहान फेरि बैठक बस्छ, उहाँ बैठकमा आउनुहुन्छ, अनि छलफल गरेर टुंगोमा पुऱ्याउँछौं,' परियारले भने, 'कोशीमा कांग्रेस फुटिहालेको अवस्था होइन । असन्तुष्टि छ । सबै असन्तुष्टि विभाजनमा जान्छन् भन्ने छैन । यसलाई व्यवस्थापन गर्न सक्छौं भन्ने लागेको छ ।' तर, कोइरालानिकट स्रोतका अनुसार उनी आफ्नो अडानबाट पछि नहट्ने पक्षमा छन् । 'उहाँले विद्रोहको बाटो लिइसकेकाले कुनै पनि हालतमा ब्याक नहुने बताउनुभएको छ । उहाँ जुनसुकै हालतमा कार्कीलाई मुख्यमन्त्री बनाउने पक्षमा हुनुहुन्छ,' उनीनिकट एक केन्द्रीय सदस्यले भने ।

शुक्रबार बिहान कांग्रेस कोशी प्रदेश समितिको कार्यसम्पादन समितिको बैठक बसेर आठ विद्रोही सांसदलाई हस्ताक्षर फिर्ता लिन आग्रह गरेको थियो । प्रदेश महामन्त्री उमेश थापाका अनुसार हस्ताक्षर फिर्ता नलिए अनुशासनको कारबाही हुनेछ ।

युद्धभूमिबाट मातृभूमि फर्किए २५३ नेपाली

इजरायलकै व्यवस्थापनमा शव ल्याउन पहल



इजरायलबाट फर्किएका नेपाली विद्यार्थीका आफन्त एयरपोर्टमा राति १ बजेदेखि जम्मा भएका थिए । नेपाल एयरलाइन्सको विमान शुक्रबार बिहान अढाई बजेतिर अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि पर्खेर बसेका आफन्त भावविह्वल भए । कोही छोराछोरीसँग अंकमाल गर्दै भावुक भए भने कोही फर्किएका सन्तानलाई देखेर खुसी भए । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका । फोटो कथा : **पृष्ठ ४-५**

नयाँ पत्रिका

इजरायल र हमास समूहबीच जारी संघर्षका कारण इजरायलमा अलपत्र परेका दुई सय ५३ विद्यार्थीलाई उद्धार गरी काठमाडौं ल्याइएको छ । शुक्रबार बिहान नेपाल एयरलाइन्सको वाइडबडी विमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका विद्यार्थी आफन्तजनको साथ लागेर घर गएका छन् । फर्कनेमा शनिबार हमासको आक्रमणमा परी घाइते भएकामध्ये एकजना पनि छन् ।

अशान्त भएको एक सातापछि नेपाल सरकारले इजरायलको तेलअभिभबाट दुई सय ५३ विद्यार्थीको उद्धार गरी काठमाडौं ल्याएर आ-आफ्नो घर पठाएको हो । परराष्ट्रमन्त्री एनपी साउद इजरायलको तेलअभिभ पुगेर विद्यार्थीलाई नेपाल एयरलाइन्सको चार्टर उडानबाट स्वदेश ल्याएका थिए ।

विद्यार्थी लिएर काठमाडौं विमानस्थलमा अवतरणपछि परराष्ट्रमन्त्री साउदले नेपाली विद्यार्थीको आत्मविश्वास बढाएर फर्केको बताए । उनले इजरायलमा रहेका आफन्तजनलाई नआत्तिन पनि आग्रह गरे । उनले इजरायलबाट नेपाल फर्कन चाहेका पाँच सय तीनजनामध्ये दुई सय ५३ जनालाई ल्याइएको र अन्यलाई पनि छिट्टै नेपाल ल्याइने बताए ।

इजरायलको तेलअभिभस्थित नेपाली राजदूतावासले सुरक्षित स्थानमा स्थानान्तरण

» पृष्ठ २ मा क्रमशः

■ बिपी प्रतिष्ठान अस्तव्यस्त

१५० शिक्षकको राजीनामाले पठनपाठन ठप्प, उपचार सेवा प्रभावित

केदार बस्नेत/नयाँ पत्रिका

रोकिएको बढुवा प्रक्रिया सञ्चालनको माग राख्दै आन्दोलनरत चिकित्सकले सामूहिक राजीनामा दिएपछि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको संकट गहिरिँदै गएको छ ।

प्रतिष्ठानका एक सय ५० जना चिकित्सक शिक्षकले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसमक्ष गत मंगलबार सामूहिक राजीनामा बुझाएपछि प्रतिष्ठानका सम्पूर्ण सेवा थप प्रभावित बन्दै गएका छन् । पाँच दिनयता प्रतिष्ठानमा उपचार सेवा प्रभावित बनेको छ भने विद्यार्थीको पठनपाठन ठप्प भएको छ । सात महिनायता रोकिएको बढुवा प्रक्रिया सरोकारवाला निकायको सहमतिमा एक महिनाभित्र सुरु गर्ने प्रतिष्ठानसँग गत २४ भदौमा प्रतिष्ठान र आन्दोलनरत

» पृष्ठ २ मा क्रमशः



बिपी प्रतिष्ठानको इमर्जेन्सी ट्रायज

देउवालाई शेखरको...
पृष्ठ १ बाट क्रमशः

समर्थनमा कांग्रेसका डा. शेखर कोइराला समूहका केदार कार्कीले आफूलाई मुख्यमन्त्री नियुक्त गर्न ४७-४७ जना सदस्यको समर्थन रहेको हस्ताक्षरसहित दाबी पेस गरेका थिए। उपसभामुखसहित एमालेका ४०, कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका चार, जनता समाजवादीका एक र राप्रपाका चारजना सांसद छन्।

शेखर समूहका आठ सांसद केदार कार्की, रामकुमार खत्री, शमशेर राई, इन्दिरा थापा, लीलाकुमारी राई, गोविन्द गिरी, मानबहादुर लिम्बू र सुनिताकुमारी गुरुङको दुवै दाबेदारको समर्थनमा हस्ताक्षर छ। दुवैतर्फ हस्ताक्षर देखिएपछि प्रदेश प्रमुख खापुङले सनाखत गरेर मात्र मुख्यमन्त्री नियुक्ति गर्ने निर्णय लिएका हुन्। 'दुवै दाबीकर्ताका समर्थनमा हस्ताक्षर गर्नुभएका सम्पूर्ण प्रदेश सभा सदस्यलाई प्रदेश सभा सदस्यको परिचय खुल्ने परिचयपत्रसाथ प्रदेश प्रमुखको कार्यालयको सभाहलमा उपस्थित भई सनाखत गरिदिने प्रयोजनका लागि उपस्थित गराउने निर्णय गर्नुभएको छ,' प्रदेश प्रमुखको कार्यलयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठद्वारा शुक्रबार साँझ जारी विज्ञप्तिमा छ। प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्री पदका लागि २० असोजमा गरेको आह्वानअनुसार दुई सदस्यले बिहीबार दाबी पेस गरेका थिए। संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार गठनको आह्वान भएकाले यसमा दलहरूले सांसदहरूलाई औपचारिक रूपमा ह्विप लगाउन सक्दैनन्। यही कारण कांग्रेस नेता डा. कोइरालाले निकट नेता कार्कीलाई एमालेको समर्थन जुटाएर मुख्यमन्त्रीका लागि अगाडि सारेका हुन्।

राप्रपाले कसैको पनि पक्ष नलिने

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कोशी प्रदेशमा कसैको पनि पक्ष नलिने निर्णय गरेको छ। कोशीमा विकसित पछिल्लो परिस्थिति एवं मुलुकको समग्र राजनीतिक-सामाजिक अवस्थाबारे समीक्षा गर्न र पार्टीको रणनीति तय गर्न बसेको केन्द्रीय पदाधिकारी बैठकले मुख्यमन्त्री छान्ने विषयमा तटस्थ बस्ने निर्णय लिएको पार्टीका प्रवक्ता मोहन श्रेष्ठले बताए। 'कोशी प्रदेशमा अनायासै जुन घटनाक्रम विकास भएको छ, त्यस विषयमा गम्भीर समीक्षा गरेका छौँ, घटनाक्रमलाई नजिकबाट नियाल्ने र अहिले मुख्यमन्त्री छान्ने विषयमा कसैको पक्ष नलिने, पछि आवश्यक परे निर्णय लिइनेछ,' उनले भने।

युद्धभूमिबाट...
पृष्ठ १ बाट क्रमशः

हुन तथा नेपाल फर्कन चाहने नेपालीको नाम अनलाइनमार्फत संकलन गरेको थियो। शुक्रबारसम्म पाँच सय ५७ जनाले आफ्नो विवरण उपलब्ध गराएका छन्। जसमध्ये पाँच सय तीनजनाले नेपाल फर्कन अनुरोध गरेका थिए। तीमध्ये दुई सय ५३ जना पहिलो चरणमा नेपाल आएका हुन्।

परराष्ट्रमन्त्री साउदले जोखिमपूर्ण स्थानबाट स्थानान्तरण गर्न आवेदन गरेका ५४ जनालाई सुरक्षित स्थानमा सारिएको, घाइते एकजना उपचारपछि स्वदेश फर्केको, एकजना अस्पतालबाट उपचारपछि डिस्चार्ज भएको र बाँकी दुईजना स्थानीय अस्पतालमा उपचाररत रहेको पनि जानकारी दिए। उनले हमास आक्रमणमा परी सम्पर्कविहीन भएका विपिन जोशीको खोजी जारी रहेको बताए।

स्वदेश फर्किन चाहेका नेपालीलाई नियमित उडानबाट फर्काउने बन्दोबस्त मिलाउने निर्णय सरकारले गरिसकेको छ। परराष्ट्रमन्त्री साउदले नेपालीलाई अप्ठ्यारोबाट जोगाउने र स्वदेश फर्काउन सरकारले कुनै पनि कसर बाँकी नराख्ने भन्दै चिन्ता नगर्न आह्वान गरे।

विद्यार्थीबाहेक स्वदेश फर्कन इच्छुकहरूको हकमा सरकारले आवश्यक पर्दा मात्रै सहजीकरण गर्ने भएको छ। 'त्यहाँ जागिर गर्न गएका आर्थिक अभाव र जानकारी अभावमा अलपत्र पर्ने वा समस्यामा पर्ने भन्ने छैन। नियमित उडानबाट आफ्नो खर्चमा पनि आउन सक्ने अवस्थामा रहेकाहरूको हकमा धेरै चिन्ता छैन,' मन्त्री साउदले भने। सरकारले नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सको चार्टर उडान भरेर मृतकको शव तथा त्यहाँ रहेकाहरूलाई उद्धार गर्ने निर्णय गरेको थियो। तर, दुईवटा जहाजमा आउने संख्या नपुगेका कारण नेपाल एयरलाइन्सबाट उद्धार भइसकेपछि अब थप जहाज जानु नपर्ने सरकारको मूल्यांकन छ। इजरायलमा नेपालीको संख्या करिब पाँच हजार छ।

शव ल्याउन ढिला

इजरायलले पोस्टमार्टमको प्रक्रिया नथालेका कारण १० जना विद्यार्थीको शव ल्याउन भने केही ढिलाइ हुने भएको छ। इजरायलले नेपालीसहित कसैको पनि शव सनाखत सुरु गरेको छैन। 'नेपाली विद्यार्थीको शव ल्याउन केही समय लाग्ने देखियो। इजरायलले पोस्टमार्टम गरेपछि शव हस्तान्तरण गर्छ। त्योभन्दा पहिला शव कुन देशका नागरिकको हो भनेर सनाखत गर्नुपर्छ। युद्धको परिस्थितिका कारण अहिले त्यस विषयमा केही पनि गरिएको छैन भन्ने जानकारी इजरायल सरकारले दिएको छ,' परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले नयाँ पत्रिकासँग भनिन्।

उनले इजरायल सरकारसँग निरन्तर सम्पर्कमा रहेर नेपाली राजदूतावासले समन्वय गरिरहेको पनि बताइन्। 'हराइरहेका विद्यार्थीको खोजी र बाँकी नेपालीको स्वदेश फिर्ता वा स्थानान्तरणका लागि पनि समन्वय गरिरहेका छौँ,' प्रवक्ता लम्सालले भनिन्।

परराष्ट्रका एक अधिकारीका अनुसार इजरायल सरकारको व्यवस्थापनमा १० जना विद्यार्थीको शव स्वदेश ल्याउने विषयमा छलफल भइरहेको हुँदा अब थप चार्टर विमान पनि पठाउनुपर्ने अवस्था छैन। इजरायलमाथि हमास समूहको आक्रमणमा परी सुदूरपश्चिम विश्वविद्यालयबाट इजरायल गएका १० जना नेपाली विद्यार्थीको निधन भएको थियो। केन्द्र र प्रदेश सरकारले मृतकका परिवारलाई क्षतिपूर्ति दिने निर्णय गरिसकेका छन्।

के भन्छन् फर्किएका विद्यार्थी ?

इजरायलमा हमासले गरेको अप्रत्याशित हमलाको त्रासदी लिएर शुक्रबार बिहान स्वदेश फर्किँदा नेपाली विद्यार्थी खुसी थिए। उनीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिनासाथ खुसीले नेपालको जयजय नारा लगाएका थिए। ठूलो संख्यामा अभिभावक र आफन्त उनीहरूलाई लिन विमानस्थल पुगेका थिए।

खचाखच भरिएको अवस्थामा विमानस्थलबाट निस्किँदै गर्दा भिडमा सुर्खेतका धनकृष्ण आचार्यले ठूलो संकटबाट सकुशल आएको सुनाए। 'हमासको आक्रमणपछि दक्षिण इजरायल तहसनहस भएको छ। उत्तरी भागतिर लेबनान पर्छ, त्यहाँ पनि बिस्तारै आक्रमण हुन थालेको देखिन्छ। चारैतिरबाट इजरायलमाथि खतरा सुरु भएको छ। हमासले आक्रमण गरेको दश घन्टापछि इजरायलले घोषणा गऱ्यो। सुरुको दुई दिन फार्मको बंकरभित्र बस्यौँ,' उनले भने, 'त्यहाँ पनि असुरक्षित भएपछि सामुदायिक बंकरमा ल्याइयो। त्यहाँ पनि अप्ठ्यारो भएपछि अर्को ठाउँमा सामुदायिक बिल्डिङमा ल्याइयो। त्यहाँबाट उद्धार भएर स्वदेश आएका छौँ। इजरायलमा नेपालीलाई गाह्रो छ। नेपाली नागरिकलाई ल्याउनुपर्छ।'

एक वर्षअघि इजरायल गएकी नेपाली विद्यार्थी रेशमा श्रेष्ठले अप्रत्याशित र अकल्पनीय घटना भएको सुनाइन्। 'इजरायलबाट यहाँ आउँदा सपनाजस्तो लागिरहेको छ। जन्मभूमि जे भए पनि प्यारो रहेछ। ११ महिना जुन घरमा बसेको थिएँ, त्यहाँ मानिसलाई जिउँदै जलाए, घर भत्काए,' उनले भनिन्। उनी १३ महिनादेखि इजरायलमा थिइन्। पछिल्लोपटक उनी दुई महिनाअघि मात्रै इजरायल गएकी थिइन्। 'मलाई बाँचेर आउन लेखेको रहेछ, भगवान्ले बचाएर पठाइदिनुभयो,' उनले भनिन्, 'मलाई सपनाजस्तो लागिरहेको छ।' त्यहाँ रहेका नेपालीको उद्धार र बेपत्ताको खोजी तीव्र पार्न सरकारलाई उनको सुझाव छ।

स्वदेश फर्केको भिडबाट अर्की विद्यार्थीले भनिन्, 'हामी बंकरभित्र बस्यौँ। एक सेकेन्डमा कतिवटा क्षेप्यास्त्र हानेको थियो। हरेक सेकेन्डमा बम हानेको थियो। तीन दिनमा खानेपानी, खाना सकिएपछि सहाराविहीन भयौँ। १८ जना एकै ठाउँमा थियौँ। राजदूतावासलाई दबाब दिइरह्यौँ। अन्योल र अनिश्चयबीचमा स्वदेश आइपुग्यौँ।'

आफू सकुशल आए पनि विद्यार्थीले बेपत्ता सहपाठी विपिन जोशीप्रति चिन्ता जनाएका छन्। 'हामी सपना बुनेर आ'को, सपना टुटेर फर्कनुपरेको छ,' उद्धार भएर शुक्रबार बिहान स्वदेश फर्किनुअघि विद्यार्थी विपिन सुवेदीले भने, 'आज हाम्रो चीत्कार प्रिय साथी विपिन जोशीको खोजीको हो। हामी बाँच्यौँ, तर जिन्दगीभरि मरीमरी बाँच्नुपर्ने भयो।'

साथी गुमाएको पीडा र आफू बाँचेको खुसी दुवै बोकेर दुई सय ५३ जना विद्यार्थी फर्केका छन्। यीमध्ये हमास समूहले गरेको आक्रमणकै बीचबाट बाँचेर तीनजना विद्यार्थी फर्केका छन्। उनीहरूले फर्कन पाएकोमा सरकारलाई धन्यवाद दिएका छन्। तर, आफ्नै बीचबाट हराएका विपिन जोशीको यादमा उनीहरू छन्। 'हामीले प्रार्थना गरेझैँ सरकारले खोज्नुपऱ्यो, लाग्नुपऱ्यो,' सुवेदी भन्छन्, 'माहोल तात्तिएपछि मात्रै भन्दा, उसलाई देशको छोराजसरी खोज्नुपऱ्यो। विपिनको सुरक्षित आगमनका लागि नेपाल पर्खिरहेको छ।'

हमासको गोली लागेर गम्भीर घाइते भएका हिमाञ्चल कट्टेल अस्पतालमा छन्। उनको पनि मनमा बेपत्ता विपिन जोशीको चिन्ता छ। 'म इजरायलको अस्पतालमा छु। मेरो उपचार भइरहेको छ। ऊ हराइरहेको छ। दुई-तीनजना थाईसँग होस्टेज बनाएर उसलाई प्यालेस्टाइनतर्फ लिएर गएको मैले देखेको छु। खोजी कार्यमा अग्रसरता होस् भन्न चाहन्छु,' कट्टेलले इजरायलस्थित अस्पतालको शय्याबाट भिडियो सन्देश जारी गरेका छन्।

INVITATION FOR SEALED BIDS

Sanima Bank invites sealed bids from interested Firms/Suppliers for supply of Note Sorting Machine to the Bank.

"Scan Me for More Details"

For further details, please visit **https://www.sanimabank.com/Notices** or contact Bank's General Service Department, Head Office.

Sanima Bank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल
फोन नं.: ०२५-५४००२४

अवैध घर टहरा तथा बनेका संरचना खाली गर्ने सम्बन्धी १५ दिने सूचना

मितिः २०८०/०६/२७

यस नगरपालिकाको स्वामित्वमा रहेको जिल्ला सुनसरी साविक दुहवी गा.वि.स. हाल दुहवी नगरपालिका वडा नं. ५ अन्तरगत रहेको जिल्ला सुनसरी दुहवी गा.प.वडा नं. ६(ख) कि.नं.४३३ ज.वि. ०-८-१५ प्लटभित्र रहेका व्यक्ति तथा संस्थाका अवैध घर टहरा तथा बनेका संरचनाहरु यस नगरपालिकालाई नगरपालिकाको पूर्वाधार विकासका लागि वडा कार्यालय र सामुदायिक भवन लगायतका संरचनाहरु निर्माण गर्न उक्त कि.नं. ४३३ ज.वि. ०-८-१५ प्लटमा बनेका संरचनाहरु खाली गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको मिति २०८०/०६/२४ गतेको नगर कार्यपालिकाको अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्ने सम्बन्धमा भएको निर्णय बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र व्यक्ति/संस्थाले आ-आफूले निर्माण गरेका अवैध घर टहरा तथा बनेका संरचनाहरु हटाई सहयोग गरिदिनुहुन अनुरोध छ। यो सूचनाको अटेर गरी अवैध घर टहरा तथा बनेका संरचनाहरु नहटाएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम नगरपालिका आफैले घर टहरा तथा बनेका संरचना हटाई जग्गा खाली गरिनेछ। त्यसरी अवैध घर टहरा तथा बनेका संरचनाहरु खाली गर्नुपर्दा लागेको खर्चहरु सम्बन्धित व्यक्ति/संस्थाबाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनामार्फत सम्बन्धित सबै सरोकारवालाहरुलाई सूचित गरिन्छ।

■ सांसदका प्रश्नको उत्तर दिँदै प्रधानमन्त्री प्रचण्डले भने-

अपांगतासम्बन्धी आयोग गठन गर्न सरकार सकारात्मक छ

कमलराज भट्ट/नयाँ पत्रिका



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अपांगता भएका व्यक्तिको हक-अधिकारका लागि छुट्टै आयोग गठन गर्न सकिने बताएका छन्। राष्ट्रिय सभा सदस्य प्रकाश पन्थले प्रस्तुत गरेको अपांगता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयनसम्बन्धी संकल्प प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको शुक्रबार जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले अधिकारसम्पन्न प्रतिष्ठान वा आयोग गठन गर्न सरकार सकारात्मक रहेको बताएका हुन्।

सांसद पन्थले अरू समुदायको हक-अधिकारका लागि आयोग र प्रतिष्ठान रहेको, तर अपांगता भएका व्यक्तिलाई राज्य संयन्त्र र अन्य आयोगले ठोस रूपमा समेट्न नसकेकाले त्यो अभाव देखेर संकल्प प्रस्तावमार्फत छुट्टै आयोग वा प्रतिष्ठान माग गरिएको बताए। 'अपांगता भएका व्यक्तिबारे अन्तरमन्त्रालयको समन्वय गर्न र अन्य पहलकदमीका लागि कुनै ठाउँ चाहिन्छ होला। अहिले त्यो अभाव देखेर हामीले छुट्टै आयोग वा प्रतिष्ठान मागेका हौँ,' उनले भने, 'त्यसमा प्रधानमन्त्रीजीले सरकार तयार छ भन्नुभयो।'

प्रधानमन्त्री प्रचण्डले संकल्प प्रस्तावमा सांसदहरूले उठाएबमोजिम अधिकारसम्पन्न प्रतिष्ठान वा आयोग गठन गर्न सरकार सकारात्मक रहेको जानकारी सदनलाई गराएका थिए। अपांगता वा फरक क्षमता भएका व्यक्तिको मानव अधिकारको रक्षा, सशक्तीकरण तथा विकासका लागि सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो।

संघ, प्रदेश र स्थानीय सरकारका वार्षिक नीति, कार्यक्रम तथा बजेटमार्फत अपांगता वा फरक क्षमता भएका व्यक्तिको अधिकार संरक्षण, परिचयपत्र वितरण, तथ्यांक संकलनलगायत लक्षित कार्यक्रम सञ्चालन भइरहेको भन्दै प्रधानमन्त्रीले थप प्रभावकारी बनाई अपांगता भएका व्यक्तिको सम्मानजनक, मर्यादित र स्वतन्त्र जीवनयापनका लागि सरकार प्रतिबद्ध रहेको बताए। संघीय मामिला मन्त्रालयबाट नियमित रूपमा उपलब्ध वार्षिक बजेट तथा कार्यक्रमका आधारमा अपांगतामैत्री स्थानीय शासन प्रवर्द्धन गर्नुपर्ने विषयमा गर्दै आएको अभिमुखीकरणलाई थप सार्थक र परिणाममुखी बनाइने उनको भनाइ थियो। सबै सेवाप्रदायक निकायमा अपांगता सहायता कक्षको स्थापना गर्न आवश्यक व्यवस्था मिलाइने पनि उनले प्रतिबद्धता जनाए।

प्रधानमन्त्री प्रचण्डले प्राकृतिक प्रकोप, राहत, विपत्, पुनर्स्थापना र पुनर्लाभका कार्यक्रममा अपांगता भएका व्यक्तिलाई सरकारले विशेष प्राथमिकतामा राखेको बताए। 'त्यस्ता व्यक्तिको न्यायोचित आरक्षणसम्बन्धी प्रावधान संघीय निजामती सेवा ऐनको क्षेत्राधिकारभित्र पर्ने र हाल उक्त ऐन संसद्मा दर्ता हुने अवस्थामा छ,' उनले भने, 'अपांगता भएका वा फरक क्षमता भएका राष्ट्रसेवकलाई कानुनी रूपमै विशेष संरक्षण गर्ने कुरामा प्रतिबद्ध छु।'

खेलकुदलगायत सबै पूर्वाधार अपांगतामैत्री बनाउने सरकारको नीति रहेको भन्दै उनले भने, 'पारा ओलम्पिक कमिटीको सिफारिसबमोजिम अपांगता वा फरक क्षमता भएका व्यक्तिलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा मनोनयन गरिनेछ। अब बन्ने युवा तथा खेलुकदसम्बन्धी समितिमा अपांगता वा फरक क्षमता भएका युवा तथा खेलाडी समावेश हुने व्यवस्थाका लागि विशेष पहल गर्नेछु।'

प्रधानमन्त्री प्रचण्डले अपांगता वा फरक क्षमता भएका व्यक्तिको श्रमसम्बन्धी तथा रोजगारसम्बन्धी हकलाई सरकारले विशेष प्राथमिकतामा राखेको र उनीहरूको क्षमता र रुचिअनुरूपको कामका लागि स्थानीय सरकारसँगको सहकार्यमा नतिजामुखी काम गर्न सरकार इच्छुक रहेको बताए। 'प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, गरिबी निवारणजस्ता कार्यक्रमभित्र अपांगता भएका लाभग्राहीलाई उच्च प्राथमिकता दिइनेछ,' उनले भने, 'अपांगता भएका व्यक्तिले सञ्चालन गरेका उद्योगहरूका लागि कच्चा पदार्थमा भन्सार छुट दिने व्यवस्था मिलाइनेछ। उनीहरूबाट सिर्जना भएका उत्पादनको सरकार विशेष संरक्षण गर्ने र स्वावलम्बी जीवनयापनका लागि सम्भव भएसम्म सबै खालको सहयोग गरिनेछ।'

अपांगता भएका व्यक्तिको स्वास्थ्य र शिक्षासम्बन्धी अधिकारको रक्षाका लागि सरकारले सम्भव भएसम्म सबै प्रयास गर्ने उनको प्रतिबद्धता थियो। 'अपांगता भएका व्यक्तिका लागि स्थानीय तहबाट निःशुल्क स्वास्थ्य बिमा उपलब्ध गरी उनीहरूलाई दैनिक चाहिने स्वास्थ्य तथा सरसफाइसम्बन्धी सामग्री स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध हुने व्यवस्था मिलाइनेछ,' प्रधानमन्त्रीले भने।

प्रधानमन्त्री प्रचण्डले अपांगता भएका व्यक्तिको हक-अधिकार प्रचलनमा सर्वोच्च अदालतबाट भएका आदेशको कार्यान्वयन तथा उनीहरूको न्याय प्राप्तिका लागि कानुनी सुरक्षणमा समेत सरकार सचेत एवं संवेदनशील रहेको स्पष्ट पारे। 'हिंसा, शोषण र दुर्व्यवहारमा परेका अपांगता भएका व्यक्तिलाई समान रूपमा न्यायमा पहुँच सुनिश्चित गर्न प्रहरी संयन्त्र, उजुरी प्रक्रिया, बयान लिने प्रक्रिया अपांगता भएका व्यक्तिका लागि सरल, सहज र समावेशी बनाउने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ,' उनले भने। अपांगता भएका व्यक्तिमाथि हुने सबै प्रकारका हिंसा र शोषणको अन्त्य, प्रकोपलगायत विपत्को अवस्थामा उनीहरूको जिउज्यानको सुरक्षाप्रति सरकार सचेत एवं संवेदनशील रहेको उनको भनाइ थियो। उनले अभिभावक वा संरक्षक नभएको वा भएर पनि संरक्षण गर्न नसक्ने व्यक्तिको संरक्षणको जिम्मा सरकारले लिने पनि प्रतिबद्धता जनाए।

सर्वोच्चमा आइतबारदेखि बन्दी प्रत्यक्षीकरणका मुद्दा मात्र सुनुवाइ

शिल्पा कर्ण/नयाँ पत्रिका

दसैँ सुरु भएसँगै सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणका मुद्दा मात्र सुनुवाइ गर्ने भएको छ। शुक्रबार एक सूचना निकाल्दै कोजाग्रात पूर्णिमासम्म महत्त्वपूर्ण मुद्दाको सुनुवाइ नहुने उल्लेख गरेको छ।

प्रशासन शाखाले जारी गरेको सूचनामा २८ असोजदेखि ११ कात्तिकसम्म सर्वोच्च अदालत बन्द रहने जनाइएको छ। यद्यपि, घटस्थापना, शनिबार र विजयादशमीका दिनबाहेक भने सीमित सेवा प्रवाह हुने उल्लेख छ। '...अन्य दिन बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ गर्न बिहान ११ बजेदेखि अपराह्न ३ बजेसम्म अदालत खुला रहने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ,' सूचनामा उल्लेख छ।

शुक्रबारसम्म सर्वोच्चमा ४४ वटा बन्दीप्रत्यक्षीकरणका रिट थिए भने चार हजार नौ सय ९२ वटा अन्य रिट विचाराधीन रहेको अभिलेख छ। सोही अवधिसम्म सर्वोच्चमा २८ हजार एकवटा मुद्दा बाँकी छन्। जसमध्ये १५ हजारभन्दा बढी दुई वर्ष नाघेका छन् भने चार हजार दुई सय ५८ वटा मुद्दा दुई वर्ष पुराना छन्।

■ पारिवारिक इजलासबाट तीन दिनमा ५८ आदेश

काठमाडौं जिल्ला अदालतमा सोमबारबाट सुरु भएको पारिवारिक इजलासले तीन दिनमा सातवटा मुद्दामा फैसला सुनाएको छ। उक्त अदालतमा दुईवटा पारिवारिक इजलास छन्। बिहीबार अदालतले उपलब्ध गराएको तथ्यांकअनुसार दुईवटा इजलासमा गरी ७१ वटा मुद्दा पेसी चढेकोमा सातवटामा फैसला भएको हो। यसैगरी, इजलास सुरु भएको तीन दिनमा ५८ वटामा आदेश भएका छन्। कुल चारवटामा मिलापत्र भएको छ भने दुईवटा मात्र स्थगित भएका छन्।

सोमबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पारिवारिक इजलासको उद्घाटन गरेका थिए। न्यायाधीशका कारण उक्त इजलास स्थगित नहुने गरी नेपालको न्यायिक इतिहासमै पहिलोपटक विशिष्टीकृत इजलासको सुरुवात गरिएको हो। जसमा महिलावादी रहेका, बालबालिकाको संरक्षक भई दायर देवानी प्रकृतिका मुद्दा, अंश र नाता कायम, विशेष हेरचाहजस्ता मुद्दाहरूको सुनुवाइ हुनेछ।

जिल्ला अदालतको तथ्यांकअनुसार हाल सञ्चालनमा रहेका दुवै फाँटमा गरी उक्त इजलासमा सात सय २९ वटा मुद्दा विचाराधीन छन्। जिल्ला अदालतमा बाल इजलाससमेत रहेकोमा यस आर्थिक वर्षको सुरुवातमा दुई सय ७१ वटा मुद्दा विचाराधीन थिए। सोमबार बाल इजलास तोक्ने गरिएको छ। हालसम्म यीमध्ये १३ वटामा फैसला सुनाइएको श्रेस्तेदार रामु श्रेष्ठले बताए।

आर्थिक वर्ष ०८०/८१ मा जिम्मेवारी सरेका २१ हजार दुई सय ७८ मुद्दा र नयाँ दर्तासमेत गरी बिहीबारसम्म ३१ हजार तीन सय ३६ वटा मुद्दा रहेको तथ्यांक छ। यसमध्ये चार हजार ३३ वटा फर्स्योट भएका छन् भने अझै २७ हजारभन्दा बढी विचाराधीन छन्। यसमध्ये दुई हजार नौ सय ८७ वटा मुद्दा दुई वर्ष पुराना छन्।

काठमाडौं जिल्ला अदालतमा हाल २१ जना न्यायाधीश मात्र रहेका कारण पनि थुप्रै मुद्दा स्थगित हुने गरेको अदालतले जनाएको छ। काठमाडौं जिल्ला अदालत देशभरका सबैभन्दा बढी मुद्दाको चाप हुने अदालत हो। कतिपय अवस्थामा जाहेरवाला र प्रतिवादीसमेत धेरै हुने, धेरै र ठूलो आर्थिक कारोबार हुने भएका कारण मुद्दाको चाप बढिरहेको श्रेस्तेदार शर्माले बताए।

साइबर अपराध देशभरका जिल्ला अदालतले हेर्ने गरी क्षेत्राधिकार विस्तार भएर केही सहज भए पनि वाणिज्य इजलासका मुद्दा हेर्नुपर्ने भएपछि उल्टै चाप बढेको अदालतले जनाएको छ। झन्डै ६ हजार नयाँ मुद्दा थपिएका छन्।

मिटरब्याजपीडितले प्रशासनलाई दिए सातदिने अल्टिमेटम

लहानमा **मणिलाल विश्वकर्मा**

मिटरब्याजविरुद्धको संघर्ष समितिले पीडितले दिएको उजुरीका आधारमा समाधान खोज्न ढिलाइ भएको भन्दै प्रशासनलाई सातदिने अल्टिमेटम दिएको छ। संघर्ष समितिका संयोजक मनोजकुमार पासवानले शुक्रबार सिराहा गोलबजारमा आयोजित पत्रकार सम्मेलनमा भने, 'फेरि राज्य र मातहतका निकायले पीडितलाई अर्को लडाइँका लागि उक्साइरहेका छन्। सात दिनभित्र माग सम्बोधन नभए पहिलेभन्दा सशक्त आन्दोलनमा जान्छौँ।'

मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी समस्या समाधानका निम्ति जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा संघर्ष समितिका प्रतिनिधि र अन्य सरोकारवाला निकायका प्रतिनिधिसमेत रहने सहजीकरण समिति गठन गरिएको थियो। तर, उजुरी फर्स्योटका काम सुस्त छ।

स्थानीय प्रशासनमा गरिने छलफलमा संघर्ष समितिलाई सहभागी नगराई प्रहरी, कर्मचारीले उल्टै पीडितलाई हप्कीदप्की गर्दा उनीहरू झन् पीडित बन्दै गएको उनले बताए। सिराहाका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवका अनुसार बिहीबारसम्म जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका तीन हजार सात सय ८८ उजुरीमध्ये नौ सय २७ वटा छलफल गरिएको छ भने नयाँ तथा पुरानो गरी दुई सय ७३ वटा उजुरी फर्स्योट भएका छन्।

पीडितको उजुरीका आधारमा दुवै पक्षलाई राखेर पटक-पटकको छलफलपछि नौ करोड २३ लाख ८९ हजार नौ सय ६४ रुपैयाँ सहमति भएको र २० बिघा तीन कट्ठा साढे १० धुर जग्गा फिर्ता भएको सहायक प्रजिअ यादवले उल्लेख गरे।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (क) अनुसार अनुचित लेनदेन गर्न नहुने उल्लेख छ। उपदफा ५ अनुसार अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनका आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानुनबमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइदिनुपर्नेछ।

सामूहिक हत्याका आरोपी गोलघरमा

काठमाडौं/ एक महिनाअघि तीनकुनेमा चारजनाको सामूहिक हत्या गर्ने सञ्जय भण्डारी जेल चलान भएका छन्। उनलाई केन्द्रीय कार्यालयको गोलघरमा राखिएको छ। गोलघर जेलभित्रको पनि जेल मानिन्छ। यहाँ राखिएका कैदीबन्दीले अन्यसँग भेटघाट गर्न पाउँदैनन्। जेलभित्रै पनि उनले कुनै अपराध गर्न सक्ने भएकाले गोलघरभित्र राखिएको प्रहरी स्रोत बताउँछ।

गत २९ भदौमा भण्डारीले तीनकुनेस्थित दिव्य काठमिलमा नवीन राई, पूर्णबहादुर भुजेल, सुभद्रा भुजेल र अम्बिका भुजेलको हत्या गरेका थिए। नवीनले आफूलाई मोटरसाइकलले ठक्कर दिई उपचार खर्चसमेत नदिई भागेकाले योजना बनाएर उनको हत्या गरेको भण्डारीले स्वीकार गरेका छन्। राईलाई मात्र हत्या गर्न गएको र अरूले देखेपछि उनीहरूलाई पनि हत्या गरेको बयानमा बताएका छन्।

आफू सुन्न नसक्ने व्यक्ति भनेर हेप्नेहरूलाई विगतमा पनि हत्या गरेको उनको दाबी छ। तर, प्रहरीले त्यसलाई पुष्टि गर्न सकेको छैन। उनले बयानमा भनेका छन्, 'सामाजिक विभेदका कारण म निर्दयी छु, कसैप्रति माया ममता जाग्दैन, विगतमा पनि यस्ता घटना गरेको हुनाले मैले हत्यापछि घटनास्थलमा प्रवेश गरेको पहिलो कोठामा गएर आराम गरेँ, आराम गर्दा केही समय निदाएँ, खासै असहज महसुस गरिनँ।' भण्डारीले बयानमा अरू व्यक्तिको पनि हत्या गरेको बताएको विषयमा थप अनुसन्धान हुने काठमाडौं प्रहरी प्रमुख एसएसपी भूपेन्द्र खत्रीले बताए।

१५० शिक्षकको...
पृष्ठ १ बाट क्रमशः

पक्षबीच सहमति भएको थियो। तर, महिना दिन बितिसक्दासमेत माग पूरा गर्नेतर्फ प्रतिष्ठानले चासो नदिएको भन्दै शिक्षक कल्याण समाजको नेतृत्वमा प्रतिष्ठानका एक सय ५० जना चिकित्सक प्रतिष्ठानका कुलपति प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सहकुलपतिसमेत स्वास्थ्यमन्त्री बस्नेतलाई भेट्न गत सोमबार काठमाडौं गएका थिए। प्रधानमन्त्री र स्वास्थ्यमन्त्रीलाई भेट गरेर आन्दोलनरत चिकित्सकहरू प्रतिष्ठान फर्किसकेका छन्। तर, माग पूरा नभएसम्म काममा नफर्कने जनाएपछि विद्यार्थीको पठनपाठन ठप्प छ भने उपचार सेवा प्रभावित बनेको छ। पठनपाठन ठप्प बनेपछि शुक्रबार विद्यार्थीले समेत प्रदर्शन गरेका छन्।

विद्यार्थी कल्याण समाजका अध्यक्ष डा. ओशान्ति रजकले प्रतिष्ठानमा पठनपाठन अवरुद्ध हुन नहुने बताए। उनले भने, 'प्रतिष्ठानमा विभिन्न समयमा आन्दोलन मात्रै हुने र पठनपाठन अवरुद्ध हुने भइरहेकाले अब तत्काल दुवै पक्ष बसेर समस्या समाधान गर्नुपर्छ।' राजीनामा दिएर फर्किएका चिकित्सक एडिस्नल प्रोफेसर डा. रोविन मास्केले स्वास्थ्यमन्त्री र प्रधानमन्त्रीसँगको भेट सकारात्मक भएको बताउँदै चाँडै टुंगो लाग्नेमा आफूहरू आशावादी रहेको बताए।

गत मंगलबार प्रतिष्ठानले विज्ञप्ति जारी गर्दै अस्पतालमा शिक्षकहरू अनुपस्थित हुँदा प्रतिष्ठानका आकस्मिक, आइसियू र अन्तरंग तथा वहिरंगका सम्पूर्ण सेवा प्रभावित हुने र पूर्ण क्षमतामा अस्पतालले सेवा दिन नसक्ने जनाएको छ। यद्यपि, अस्पताल उपनिर्देशक डा. इन्द्र लिम्बूले रुटिनको शल्यक्रिया सेवाबाहेक अस्पतालमा अन्य सम्पूर्ण सेवा सञ्चालन भइरहेको बताए।

प्रतिष्ठानमा एसिस्टेन्ट प्रोफेसर, एसोसिएट प्रोफेसर र एडिसन प्रोफेसरहरूको सात वर्षदेखि रोकिएको आन्तरिक पदपूर्ति तथा बढुवा प्रक्रिया सात महिनाअघि सुरु भएको थियो। तर, लोकसेवा आयोगले शिक्षक सेवाका सर्त र सुविधासम्बन्धी नियमावली, २०६९ को प्रस्तावित मस्यौदा स्वीकृत गरी आयोगबाट मात्र पदपूर्ति प्रक्रिया अगाडि बढाउन प्रतिष्ठानलाई निर्देशन दिएपछि शिक्षकहरूले आन्दोलन गर्दै आएका छन्।

प्रतिष्ठानमा कार्यरत एक सय ३० जना फ्याकल्टी शिक्षक र करिब १२ सय कर्मचारीको आन्तरिक बढुवा रोकिएको छ। प्रतिष्ठानमा दैनिक २५ सयदेखि तीन हजारसम्म बिरामी उपचारका लागि आउने गरेका छन्।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार २७ असोज ०८०
nayapatrikaofficial @naya_patrika

भिँभागाउँको कथा

कसलाई सुनाऊँ हाम्रो पीडा ?

कतै डकैती हुँदा प्रहरीले पहिलो शंका भिँभावासीलाई गर्छन् । तर, भिँभावासी भन्छन्, 'हामी आमनागरिकसरह बाँच्न चाहन्छौं । तर, राज्य पटक-पटक हामीलाई डाँका नै बनाइरहन्छ ।'



हदिश खुद्दार
hadisnaya@gmail.com
मधेशतिर





पूर्वजको पेसाप्रति धनुषाका भिँभावासीलाई अहिले कुनै पश्चात्ताप छैन । उनीहरू गर्वका साथ आफ्ना पूर्वजको पेसा सुनाउँछन् । उनीहरूको अनुहारमा कुनै चिन्ता वा ग्लानि छैन । छन् त केवल राज्यलाई सोध्नुपर्ने प्रश्नहरू । उनीहरू राज्यलाई सोधिरहेका छन्- हामीलाई अभै किन विभेद गरिन्छ ?

भोको पेटका लागि लुटलाई पेसा बनाउन बाध्य उनीहरूलाई तत्कालीन पञ्चायती सरकारले आफूविरुद्ध उठ्ने आवाजलाई दबाउन प्रयोग गर्थे । अञ्चलाधीश, प्रहरी प्रशासनले उनीहरूलाई प्रयोग गरेर पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन गर्ने नेताहरूलाई हत्या गराउने, धम्की दिनेजस्ता आपराधिक कार्य गराउँथे ।

एक समय भारतको चम्बलघाटी दुनियाँमा बदनाम थियो । भनिन्छ, डाँका र लुटेराको वासस्थानको रूपमा चिनिएको चम्बल नदीमा रगत मिसिन्थ्यो । मानिसका शव भेटिन्थे । डाँकाहरूका वासस्थानका कारण चम्बल जति बदनाम थियो, सँगै चम्बलभित्र प्रतिशोध र बदला लिने जुनुन पनि थियो । विभिन्न ठाउँबाट प्रताडित, पीडित र अपहेलित मान्छेहरू शरण लिन चम्बलघाटी पुग्थे । ती मान्छेका कारण यस्तो लाग्थ्यो, चम्बलघाटीमा कथा र गाथाहरू प्रशस्तै छन् । सन् १९७२ मा तत्कालीन भारत सरकारले त्यहाँका डाँका र लुटेरालाई आत्मसमर्पण गराएपछि उनीहरू अन्य नागरिकसरह सहज जीवन बिताउन थाले ।

चम्बलघाटीकै स्तरमा होइन, तर चम्बलघाटीकै झल्को दिने गरी चार दशकअघिसम्म बदनाम थियो, धनुषाको भिँभागाउँ । 'डाँका'हरू बस्ने गाउँको रूपमा बदनाम भिँभा मधेस प्रदेशको राजधानी जनकपुरधामबाट झन्डै २५ किलोमिटर पूर्व-दक्षिणमा पर्छ । भारतबाट प्रताडित र अपहेलित भएर राणाकालमै धनुषाको भिँभा आइपुगेका थिए केही दुसाद (पासवान) समुदाय । उनीहरू भिँभामै ससना झुपडी बनाएर दैनिक मजदुरी गरेर जीवनयापन गर्न थाले । त्यतिबेलासम्म सबै ठिकै थियो । भिँभामा प्रहरीचौकी पनि थियो । त्यही चौकीको एक हवलदारको कुकर्मले भिँभाको परिचय नै फेरियो ।

पहलमान सिंह भन्ने एक हवलदारले दुसाध महिलालाई जबर्जस्ती करणी गरेपछि त्यो घटना आगोजस्तै फैलियो । त्यही घटनाको आक्रोशमा भागवान पासवान भन्ने एक व्यक्तिले ती हवलदारको हात नै काटिदिए । त्यसपछि प्रहरी प्रशासनले त्यहाँका दुसाध समुदायको झुपडीमा आगो लगाइदिए, निर्ममतापूर्वक कुटपिट गरे । दुसाध समुदायमा भागाभाग मच्चियो । प्रहरी प्रशासनको डरत्रासले उनीहरू लुकीलुकी बस्न बाध्य भए । पेट भर्न घरमा कुनै अनाज थिएन । काम गर्ने कुनै उपाय थिएन । गरिबी, बेरोजगारीले पिल्सिएका उनीहरू भोक मेटाउन चोरी डकैती गर्न बाध्य भए । स्थानीय बूढापाकाहरूका अनुसार सुरुमा केही व्यक्ति मात्रै त्यो काममा संलग्न थिए । तर, कुनै एकजनाले चोरी डकैती गर्दा पूरै गाउँकै व्यक्तिलाई पक्राउ गरी प्रहरीले चरम यातना दिन्थ्यो । यसरी दुई-चारजना हुँदै पूरै गाउँ नै लुटपाट र चोरीलाई पेसा बनाउन बाध्य भयो ।

साबिकमा ठाडी भिँभा गाविस-८ मा पर्ने भिँभा अहिले विदेह नगरपालिका-४ मा पर्छ । मुलुकबाट राणाशासन र पञ्चायती व्यवस्था उहिले बिदा भइसक्यो । अहिले संघीय गणतन्त्रसम्म आइपुग्दा पनि भिँभागाउँ विकास र पूर्वाधारको प्रकाशबाट टाढा छ ।

विकास नहुनुको विभिन्न कारणमध्ये एउटा प्रमुख कारण हो, त्यहाँ बसोवास गर्नेहरूको पूर्वजले कमाएको बदनामीको बोझ । उमेरले ७० वर्ष कटेका इन्डियन पासवान भन्छन्, 'धेरै गाउँका सडक पक्की भइसके । उपचारका लागि अस्पताल र पढाइका लागि विद्यालय खुले । तर, हामी भिँभावासीले पहिलाजस्तै अहिले पनि पढाइ र उपचारका लागि अरू गाउँको सहारा लिनुपरेको छ ।'

'गाउँघरमा थोरबहुत केही सुधार देखिएको छ, त्यो हाम्रा युवाहरूले विदेशमा कमाएर पठाएको पैसाले हो,' पासवान भन्छन्, 'सरकारीस्तरबाट यहाँ कुनै विकास निर्माणको काम भएको छैन । अरू गाउँमा घरघरमा शौचालय छ । जिल्ला खुल्ला दिसामुक्त क्षेत्र घोषणा पनि भइसकेको छ । तर, हाम्रो गाउँमा १०-१२ वटा घरमा मात्रै शौचालय होला । बाँकीलाई अभै पनि शौचका लागि चौरीमै जानुपर्ने बाध्यता छ ।' भिँभागाउँमा प्राविस्तरको एक सामुदायिक विद्यालय छ । त्यहाँ झन्डै दुई सय दलितका बालबालिका पढ्छन् । तर, सो विद्यालयमा दुईजना शिक्षकको मात्रै दरबन्दी छ ।

८५ घर दुसाध र २५ घर चमार समुदायको बसोवास छ भिँभामा । त्यसबाहेक केही अन्य समुदायको न्यून उपस्थिति छ । अशिक्षा, गरिबी र बेरोजगारीले पिल्सिएका तिनका पूर्वजलाई चोरी, डकैती पेसा अपनाउन बाध्य बनाएको थियो । उनीहरूका पूर्वजहरूले वरिपरिका गाउँ मात्र होइन, दूरदराजका गाउँमा पुगेर धान, गहुँ, भैंसी तथा धनमाल लुटेर गुजारा चलाउँथे ।

पेटका लागि लुटलाई पेसा बनाएका उनीहरूलाई तत्कालीन पञ्चायती सरकारले आफूविरुद्ध उठ्ने आवाजलाई दबाउन प्रयोग गर्थे । पुराना राजनीतिकर्मीका अनुसार तत्कालीन अञ्चलाधीश, प्रहरी प्रशासनले उनीहरूलाई प्रयोग गरेर पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन गर्ने नेतालाई हत्या गराउने, धम्की दिनेजस्ता आपराधिक कार्य गराउँथे ।

एक पुराना नेताका अनुसार नेपाली कांग्रेसका तत्कालीन क्रान्तिकारी नेता सरोज कोइरालाको हत्यामा भिँभाका दुसाधहरूलाई नै प्रयोग गरेका थिए । 'डाँका'का सरदारहरू अञ्चलाधीशको सम्पर्कमा बस्थे । तत्कालीन प्रशासनकै सहयोगीको रूपमा उनीहरू प्रयोग हुन्थे ।

उनीहरूको लुटपाटबाट आजित भएर वरिपरिका गाउँले सामूहिक रूपमा भिँभागाउँमै आएर प्रतिकार गर्थे । तर, हतियार लेस 'डाका'हरूका अगाडि उनीहरू कहिले निरीह भई फर्किथे, कहिले 'डाँका'हरूको झुपडीमा आगो लगाएर फर्किन्थे । यस्तो घटना निकै वर्षसम्म चलिरह्यो । 'डाँका'हरूको आतंकबाट आजित जनताले उनीहरूलाई अन्यत्र पठाउन पनि नेताहरूकोमा पुगेर हारगुहार गरे ।

नेताहरूको पहलमा ०३५ सालमा सरकारले विभिन्न प्रलोभन देखाई उनीहरूमध्ये २०८ परिवारलाई सर्लाहीको लालबन्दी नगरपालिकास्थित नयाँबस्तीमा पुनर्वास गराए । त्यतिबेला 'डाँका'का अधिकांश सरदार भिँभाबाट लालबन्दी सरे । लालबन्दीमा बसाइँ सरेका सरदारहरू कोही साधु बने त अधिकांश सामान्य नागरिक भई जीवन बिताउन थाले । भिँभामा बसेकाहरूले पनि पूर्वजको पेसालाई त्यागेर आममानिसको जस्तै जिन्दगी बिताउन थालेको दशकौं भइसक्यो । भिँभाका दुईजना (पवनकुमार पासवान र सुचित पासवान) अहिले नेपाल प्रहरीका सई छन् । पूर्वराष्ट्रिय सभा सदस्य राधेश्याम पासवान, लालबन्दी नगरपालिका-२ की वडाध्यक्ष किरण पासवानका पूर्वज पनि धनुषाको भिँभाबाटै सर्लाही सरेका हुन् ।

समयको अन्तरालसँगै उनीहरूमध्ये केही सरकारी जागिरमा छन् भने केही वैदेशिक रोजगार त केही गाउँघरमै मजदुरी गरेर जीवनयापन गरिरहेका छन् ।

०००

पूर्वजको बदनामी पेसाप्रति उनीहरूलाई अहिले कुनै पश्चात्ताप छैन । उनीहरू गर्वका साथ आफ्ना पूर्वजहरूको पेसा सुनाउँछन् । उनीहरूको अनुहारमा कुनै चिन्ता वा ग्लानि छैन । छन् त केवल राज्यलाई सोध्नुपर्ने प्रश्नहरू । उनीहरू राज्यलाई सोधिरहेका छन्-हामीलाई अभै किन विभेद गरिन्छ ?

पूर्वजहरूको बदनामी पेसाप्रति तपाईंहरूलाई कुनै पश्चत्ताप वा ग्लानि हुँदैन ? भनेर सोध्दा स्थानीय राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षक जयप्रकाश पासवान भन्छन्, 'हाम्रा पूर्वजको पेसा नै चोरी-डकैती थियो । यो लुकाउने विषय होइन । हामी लुकाउँदैनौं पनि । दुनियाँलाई थाहा छ । चरम गरिबी, अशिक्षा र बेरोजगारीले पिल्सिएका कारण उनीहरू पेटको भोक मेटाउन चोरी-डकैती गर्थे । तर, अहिले पहुँच भएका नेतादेखि उच्च ओहदामा रहेका कर्मचारी, व्यापारी, ठेकेदारहरूले हत्या गराउनेदेखि गरिब विपन्न जनताको रगत चुस्ने काम गरिरहेका छन् । त्यसकारण हामीलाई आफ्ना पूर्वजप्रति सम्मान र गर्व छ ।'

'नक्कली भुटानी शरणार्थी प्रकरण, सुन तस्करी प्रकरण, ललितानिवास प्रकरण सबैमा उच्च ओहदाका नेता तथा व्यक्तिहरूको संलग्नता छ,' जयप्रकाश भन्छन्, 'उहाँहरूलाई केको कमी छ ? सबथोक छ साथमा । तर, हाम्रो पूर्वजसँग गुजारा गर्न पनि केही थिएन । थियो त केवल चोरीको कला, त्यो पनि बाध्यताले सिकेको । चोरी-डकैती नराम्रो बदनामी पेसा हो । हामी यसको समर्थन गर्दैनौं । त्यसैले हामी अहिले पूर्वजको अतीत स्मरण गर्दै नयाँ जीवनको संकल्पसहित अगाडि बढिसकेका छौं ।'

पूर्वजको पेसाप्रति कुनै पश्चताप वा ग्लानि नरहेको बताए पनि पूर्वजको बदनामीको बोझ अझै बोक्न बाध्य छन् भिँभावासी । आर्थिक तथा सामाजिक अत्यावश्यक कार्य पर्दा पूर्वजहरूको पेसाका कारण उनीहरूले वरिपरिका गाउँका बासिन्दाबाट सहजै सहयोग पाउँदैनन् । स्वास्थ्य उपचारदेखि घरमै कुनै सामाजिक कार्यका लागि ऋण, सापटी माग्दा साहु-महाजनहरूले आफूहरूलाई विश्वास नगरेको स्थानीय इन्दल पासवानले दुखेसो पोखे ।

'चोरी-डकैती त हाम्रा पुर्खाहरू गर्थे,' उनी भन्छन्, 'हामी त सामान्य नागरिकसरह मजदुरी गरेर गुजारा चलाउँछौं । चोरी-डकैतीसँग अहिले हाम्रो कुनै साइनो छैन । तर पनि विगतको पेसा अहिले ठूलो चुनौती बनेको छ ।' उनीहरूले ऋण वा सरसापटी माग्दा सहयोग पाउँदैनन् । यति मात्र होइन, पूर्वजको बदनामीको प्रभाव भिँभावासीको बिहेबारीमा समेत पर्ने गरेको छ । वरिपरिका आफ्नै समुदायका व्यक्तिसमेत भिँभामा आफ्ना छोरीचेलीलाई बिहेबारी गर्न चाहँदैनन् ।

गाउँवरिपरिका पासवान समुदायले आफ्ना छोरीचेलीको बिहे गर्न नमानेपछि भिँभावासीले भारत विहारका बेसौ, बेलमहन, मोहन रैमा, कोटिया रमलालगायत गाउँबाट बुहारी भित्र्याउने गरेका छन् । 'भिँभा चोर-डकैतको गाउँ थियो भनेर यस क्षेत्रमा प्रचार गरिएको छ, त्यसकारण कसैले पनि यहाँ छोरी दिन चाहँदैनन्,' स्थानीय समुद्रीदेवी पासवान भन्छिन्, 'त्यसैले यहाँका अधिकांश बुहारी भारतीय हुन् । दुइ-चारजना बुहारी मात्रै वरिपरि गाउँका हुन् ।'

त्यसैगरी वरिपरिका गाउँ मात्र नभई आसपासको जिल्लामा समेत कुनै डकैतीका घटना हुँदा प्रहरी प्रशासनको पहिलो नजर भिँभाकै युवामाथि जाने गरेको स्थानीयवासीको गुनासो छ । ०७७ चैतमा सिरहाको लहानस्थित एक सुनचाँदी पसलमा डकैती हुँदा भिँभाकै ४० वर्षीय चन्दन पासवानलाई प्रहरीले पक्राउ गऱ्यो । वैदेशिक रोजगारबाट फर्केको केही दिनपछि नै प्रहरीले उनलाई डकैती घटनामा संलग्न भएको आरोप लगाउँदै पक्राउ गरेर मुद्दा चलायो । चन्दन यतिबेला कारागारमा छन् । चन्दनकी पत्नी अन्जुदेवी पासवान भन्छिन्, 'त्यो घटना भएको दिन मेरा श्रीमान् घरमै थिए । तर पनि श्रीमान्लाई प्रहरीले पक्राउ गरेर लग्यो ।'

'घटनास्थलमा जडान गरिएको सिसिटिभी फुटेजमा पनि उहाँको कुनै फोटो छैन, न त कुनै प्रमाण छन्,' उनी भन्छिन्, 'मेरो श्रीमान्लाई भिँभागाउँको दुसाध समुदायको भएकै कारण जेलमा राखेको छ ।' चन्दन र अन्जुदेवीका चार छोरी र एक छोरा छन् । चन्दन विदेशमा बसेका बेलामा नै दुई छोरीको बिहे भइसकेको हो । दुई छोरीको बिहेबारी गर्न अझै बाँकी छ । घरमा कुनै आम्दानी छैन । 'कमाउने श्रीमान् मात्रै हुनुहुन्थ्यो, 'आँसु झार्दै उनी भन्छिन्, 'कसलाई सुनाऊँ हाम्रो पीडा ? कोही बुझ्दैनन् गरिबको दुःख ।'

कतै डकैती हुँदा प्रहरीले पहिलो शंका भिँभावासीलाई गर्छन् । तर, भिँभावासी भन्छन्, 'हामी आमनागरिकसरह बाँच्न चाहन्छौं । तर, राज्य पटक-पटक हामीलाई डाँका नै बनाइरहन्छ ।' शिक्षक पासवान भन्छन्, 'हाम्रा युवालाई सधैं प्रहरीले शंका गर्छ । हामी आमनागरिकसरह स्वतन्त्र भएर बाँच्न चाहन्छौं । तर, राज्यले नै दिँदैन ।'

वर्षायाममा गाउँनजिकैको बसगजा र कटार खोलामा आएको बाढीले भिँभागाउँ बर्सेनि डुबानमा पर्ने गरेको छ । पक्की सडक र पानीको निकास नहुँदा वर्षायाममा भिँभावासीले निकै सास्ती भोग्नुपर्छ । 'बढी पानी पर्दा नदीमा बाढी आएर खेतमा रोपेको धान डुबानमा पर्ने, रोपिएको धान बाढीले बगाउने गरेको छ,' स्थानीय अजय पासवान भन्छन्, 'नदी फराकिलो नहुँदा कम पानी पर्दा पनि नदीको पानीले बालीनालीलाई ठूलो क्षति गर्छ । यस्तोमा लगानी गरेको पनि उपर हुँदैन भने थप मिहिनेत पनि खेर जान्छ ।'

वर्षायाममा सर्पदंशको घटना व्यापक हुने गरेको उनीहरूको भनाइ छ । 'गाउँमा कुनै स्वास्थ्य चौकी छैन,' अजय भन्छन्, 'रातिको समयमा सर्पदंशमा घटना बढी हुन्छ । गाउँमा एम्बुलेन्स पनि छैन । यस्तोमा कपडाको भार बनाई बिरामीलाई काँधमा बोकेर नजिकको गाउँ औरही पुऱ्याउनुपर्ने बाध्यता हुन्छ ।' दलित बस्ती त्यसमा पनि हाम्रा पूर्वजको अतीतलाई सम्झेर समाज र पालिकाले आफूहरूलाई हेप्दै आएको भिँभावासीको आरोप छ । स्थानीय एक नेता भन्छन्, 'गाँउको विकास नहुनुमा यहाँका दलित समुदायको पनि उत्तिकै दोष छ । विकासभन्दा मेयरले छोरीचेलीको सादी विवाहमा फर्निचरका सामानहरू किनिदियो भने त्यसमै खुसी हुन्छन् गाउँलेहरू । थप विकासको लागि ताकेता वा गुनासो गर्दैनन् । यस्तोमा कहाँबाट हुन्छ विकास ?'

अन्जुदेवी पासवान भन्छिन्- त्यो घटना भएको दिन मेरा श्रीमान् घरमै थिए । तैपनि श्रीमान्लाई प्रहरीले पक्राउ गरेर लग्यो । मेरो श्रीमान्लाई भिँभागाउँको दुसाध समुदायको भएकै कारण जेलमा राखेको छ । कमाउने उहाँ मात्रै हुनुहुन्थ्यो । कसलाई सुनाऊँ हाम्रो पीडा ? कोही बुझ्दैनन् गरिबको दुःख ।

के नोबेल पुरस्कारले कम उत्पादनशील बनाउँछ ?

नोबेल पुरस्कार पाएपछि विजेताहरूले कम सिर्जना गर्छन् भन्ने धारणा छ। तर, यो त आमूल परिवर्तनकारी हुन्छ, यसले बाँकी काम पूरा गर्न साँच्चै मद्दत गर्छ।



सन् २००१ डिसेम्बर १० मा स्विडेनका राजा कार्ल सोह्रौं गुस्ताफबाट चिकित्सातर्फको नोबेल पुरस्कार ग्रहण गर्दै पउल नर्स (बायाँ)। तस्बिर : एएफपी/गेटी इमेज



पउल नर्स

पुरस्कार

बाइस वर्षअघि म आनुवंशिकीका संस्थापक भिक्षु ग्रेगर मेन्डलको सम्मानमा एउटा संग्रहालय स्थापना गर्नेबारे लन्डनको एउटा कोठामा छलफल गरिरहेको थिएँ। कोही भित्र पस्यो र ल्याबबाट आएको एउटा सूचना थमायो, जसमा मलाई आफ्नो मोबाइल फोन अन गर्न भनिएको थियो। सन्देश खजमजिएको कागजमा छोडिएको थियो। फोन सुन्दा कुनै पत्रकारले मलाई चिकित्सा क्षेत्रको नोबेल पुरस्कारबारे टिप्पणी गर्न आग्रह गरे जस्तो लाग्यो। उनको सन्देशअनुसार त्यो दिन मेरो साथी टिम हन्टलाई चिकित्सातर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो। मैले उनको टेलिफोन सन्देश दोहोऱ्याएर तेहऱ्याएर पनि सुनें। उनी यो पुरस्कार मैले पनि जितेको बताइरहेका त छैनन् ? म पुनः कोठामा फर्किएँ र पछि फर्केर सोच्दा असाध्यै अनौठो लागेको कुरा बोलेछु, 'म अहिले जानुपर्ने भयो। मेरो विचारमा मैले पनि नोबेल पुरस्कार पाएको हुन सक्छु।' कुरा साँचो थियो, पुरस्कार मैले पनि पाएको थिएँ। सियाटलका वैज्ञानिक टिम र लेल्यान्ड हार्टवेलसँगै मलाई पनि संयुक्त रूपमा चिकित्सातर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो। जीवका कोषहरूले कसरी आफ्नो विभाजनलाई नियन्त्रण गर्छन् भन्ने वैज्ञानिक खोजका लागि उक्त पुरस्कार प्रदान गरिएको थियो।

> एउटा ठूलो समस्या के हुन्छ भने मानिसले तपाईंसँग लगभग सबै कुराका बारेमा ज्ञान भएको ठान्न थाल्छन्। समय बित्दै जाँदा यो खतरनाक पनि हुँदै जान सक्छ, किनकि तपाईंलाई हो न हो आफूलाई लगभग सबै कुरा थाहा भएको भान पर्न सक्छ। यो रोगलाई मैले 'नोबेलाइटिस' भन्ने गरेको छु, जसबाट म बच्न सफल भएको छु जस्तो लाग्छ।

यो पुरस्कारले हाम्रो जीवन नै बदलिदियो। सबैलाई थाहा छ, यो एउटा वैज्ञानिक पुरस्कार हो। तर, यो पाएपछि तपाईं रातारात प्रसिद्ध व्यक्ति बन्नुहुन्छ, मानिसले तपाईंलाई सायदै थाहा भएका विषयमा समेत लेक्चर दिन बोलाउँछन्। आफू खासै योग्य नरहेका समितिमा समेत बसिदिन र समीक्षाहरू गरिदिन अनुरोध आउँछन्। बिरलै नाम सुनेका देशहरूको भ्रमणको निमन्त्रणा आउँछन्। भलै उद्देश्य असल हुन् तर तपाईंलाई थाहै नभएका अनन्त निवेदनमा हस्ताक्षर गर्न लगाइन्छ। यस्ता सबै प्रकारका कामका लागि अनुरोध आउँछन्। यो भनेको कम्तीमा वर्षमा पाँच सयभन्दा धेरै अनुरोधसहितको एउटा पूरै नयाँ काम पाएजस्तै हो। यसबाट अत्यन्त सफल व्यक्तिमा आफूमाथि उब्जने आशंका अर्थात् इम्पोस्टर सिन्ड्रोम देखा पर्न सक्छ।

एउटा ठूलो समस्या के हुन्छ भने मानिसले तपाईंसँग लगभग सबै कुराका बारेमा ज्ञान भएको ठान्न थाल्छन्। समय बित्दै जाँदा यो खतरनाक पनि हुँदै जान सक्छ, किनकि तपाईंलाई हो न हो आफूलाई लगभग सबै कुरा थाहा भएको भान पर्न सक्छ। यो रोगलाई मैले 'नोबेलाइटिस' भन्ने गरेको छु, जसबाट म बच्न सफल भएको छु जस्तो लाग्छ आफूलाई। मुख्यतया परिवार, साथी र सहकर्मीको प्रयासको कारण मैले आफूलाई सही सलामत राख्न सकेको हुँ।

निःसन्देह, यो रमाइलो पनि हुन्छ। तपाईंले धेरै मानिसलाई भेट्नुहुन्छ, जसमध्ये अधिकतर एकदमै रोचक र प्रभावशालीका साथै प्रसिद्ध पनि हुन्छन्। प्रधानमन्त्री, राष्ट्रपति, राजपरिवार, कलाकार, लेखक, अभिनेता, संगीतकार र दशकौंदेखि आफूले सराहना गरेका अत्यन्त सफल वैज्ञानिकसम्मलाई भेट्न पाइन्छ। तपाईंले केही असाधारण ठाउँको पनि भ्रमण गर्न पाउनुहुनेछ। मेरो सबैभन्दा रोमाञ्चक यात्रा अन्टार्टिकाको भित्री इलाकादेखि न्युजिल्यान्डको अनुसन्धान केन्द्र 'स्कट बेस'सम्मको रह्यो। म स्कुले केटो छँदादेखि नै अन्वेषकद्वय क्याप्टेन स्कट र लेफ्टिनेन्ट सेकलटनको पदचिह्न पछ्याउँदै यी स्थान भ्रमण गर्न चाहन्थे। हालै गरिएको एक अध्ययनअनुसार नोबेल पुरस्कार विजेता र म्याकआर्थर फेलोसिपका प्राप्तकर्ताहरूले अतिरिक्त जिम्मेवारी लिन्छन्। परिणामस्वरूप यी सम्मान प्राप्त गरेपछि उनीहरूबाट अनुसन्धान पत्रहरूको लेखनमा कमी आउँछ। उनीहरूको अतिरिक्त समयको मागलाई ध्यानमा राख्दा यसमा केही सत्यता पाउन सकिन्छ। तर, निश्चित रूपमा प्रतिष्ठित पुरस्कारले नयाँ परियोजना र अनुसन्धानका अवसर पनि जुराउँछन्।

नोबेल पुरस्कारले मेरो करिअर र काममा कस्तो प्रभाव पाऱ्यो त ? यसले पक्कै पनि मलाई वैज्ञानिक संस्थाहरूको नेतृत्वदायी पद प्राप्त गर्न मद्दत गरेको छ। पुरस्कार पाएको एक वर्ष नबित्दै मलाई न्युयोर्कको रकफेलर युनिभर्सिटीको अध्यक्ष पदको प्रस्ताव आयो, मैले स्विकारेँ पनि। रोयल सोसाइटी अर्थात् युके साइन्स एकेडेमीले मलाई अध्यक्षमा मनोनयन गर्दा पनि प्राज्ञहरूले यो कुरालाई महत्त्व दिएका थिए भन्ने लाग्छ। रोयल सोसाइटीले नेतृत्व चयन गर्दा कुशल अनुसन्धानकर्ताबाट चयन गर्छ, ताकि वैज्ञानिक सल्लाह दिँदा गम्भीरतापूर्वक लिन मद्दत होस्। मेरा लागि रोयल सोसाइटी युके साइन्स एकेडेमीको अध्यक्ष हुनु भनेको नोबेल पुरस्कार पाउनुसरह थियो। यो पुरस्कारले मलाई लन्डनस्थित सुप्रसिद्ध बायोमेडिकल संस्थान फ्रान्सिस क्रिक इन्स्टिच्युटको निर्देशक बन्न मद्दत गरेकोमा पनि कुनै शंका छैन।

पुरस्कार पाउँदा कामहरू पूरा गर्न मद्दत भयो। उदाहरणका लागि, म क्यान्सर रिसर्च युकेको गठनका लागि क्यान्सर अनुसन्धानमा संलग्न दुई अलग-अलग परोपकारी संस्थाको एकीकरण गराउन सफल भएँ। विचारधारात्मक रूपमा अभिप्रेरित भएर जलवायु परिवर्तनलाई अस्वीकार गर्नेहरूलाई मनाउन र (आफू लेबर पार्टी समर्थकका रूपमा परिचित हुँदासमेत) कन्जरभेटिभ सरकारका लागि युके साइन्सका तर्फबाट दुईवटा समीक्षा लेख्न सकेँ। केही वैज्ञानिक र नीति-निर्माताबाट महत्त्वपूर्ण विरोधका बाबजुद क्रिक इन्स्टिच्युटलाई ठाउँमा ल्याउन सक्षम भयौं। यसमा मलाई तत्कालीन प्रधानमन्त्री गोर्डन ब्राउन र चान्सलर, जर्ज ओसबोर्नसँगको परिचतताले पनि आंशिक रूपमा सहयोग गऱ्यो। यसले मलाई आफ्नो गहिरो अभिरुचि भएका काम गर्न मद्दत गरेको छ। यस वर्षको सुरुमा मलाई राष्ट्रपति जेलेन्स्कीले रुसी आक्रमणबाट ध्वस्त विद्यालय हेर्न किभमा आमन्त्रण गरे। युक्रेनको शिक्षा तथा विज्ञानको सद्भावना दूत भएँ, ताकि त्यहाँका विद्यालयका लागि पैसा जुटाउन सकूँ।

पुरस्कारपछि मेरो अनुसन्धानमा चाहिँ के भयो त ? उच्च-गुणवत्तायुक्त वैज्ञानिक खोज उच्च-गुणवत्तायुक्त अनुसन्धातामा निर्भर गर्छ। तपाईं जवान हुनुहुन्छ र नयाँ क्षेत्रमा काम गर्न सुरुवात गर्दै हुनुहुन्छ भने तपाईंले धेरै राम्रा-राम्रा अनुसन्धानकर्मीलाई आकर्षित गर्न गाह्रो हुँदैन, किनकि मानिसहरू रोमाञ्चक क्षेत्रहरूमा नयाँ अनुसन्धानकर्तासँग काम गर्न मन पराउँछन्। यदि तपाईं बूढो हुनुहुन्छ भने राम्रा अनुसन्धाता जुटाउन अधिक कठिन हुन सक्छ। नोबेल पुरस्कारले यसमा पनि मद्दत गर्छ। मैले भर्खरै पिएचडीका तीनजना उत्कृष्ट विद्यार्थी पाएको छु। करिअरको यस अन्तिम चरणमा प्रेरणादायी अनुसन्धान गर्न सक्षम हुन पाउनु मेरा लागि सौभाग्य हो।

तर, नोबेल पुरस्कारले मेरा सहकर्मी वैज्ञानिकको समीक्षालाई भने प्रभावित पारेन। यो कुरा भन्दा मलाई खुसी लाग्छ। मेरो नोबेल पुरस्कारले प्रकाशनका लागि पेस गरिएका मेरा अनुसन्धानको उपयुक्तता र कोषका लागि गरिएका आवेदनहरूको मूल्यांकनको समीक्षालाई भने कहिल्यै प्रभावित गरेन। मेरा प्रस्तावको अस्वीकृति दर पुरस्कार अघि र पछि अनिवार्य रूपमा समान रहेको छ। र, पक्कै पनि यो यस्तै नै हुनुपर्छ।

(फ्रान्सिस क्रिक इन्स्टिच्युटका निर्देशक एवं ब्रिस्टल विश्वविद्यालयका चान्सलर सर पउल नर्सलाई सन् २००१ मा फिजियोलोजी अर्थात् मेडिसिनतर्फको नोबेल पुरस्कार र सन् २००५ मा रोयल सोसाइटी कोपले पदकबाट सम्मानित गरेको थियो। यो लेख 'द गार्जियन'बाट ***नारायण शिवाकोटी****ले अनुवाद गरेका हुन्।)*

त्रासदीबाट फर्किंदा...







अमुल थापा
amul.thapa111@gmail.com

फोटो कथा

गत शनिबार प्यालेस्टाइनको हमास समूहले इजरायलमाथि आक्रमण गरेपछि संसार तरंगित भयो। त्यो तरंगबाट नेपाल पनि अछुतो रहेन। नेपाललेे १० जना युवा गुमाउनु पऱ्यो। इजरायलमा सयौंको संख्यामा अध्ययनरत नेपाली विद्यार्थीको सर्वत्र चासो र चिन्ता बढ्यो। साथै इजरायलमा काम गरिरहेका नेपाली श्रमिकबारे पनि चिन्ता बढ्यो। त्यसपछि सरकारले आफ्ना नागरिक स्वदेश ल्याउने तयारी थाल्यो।

अशान्त इजरायलको सीमावर्ती सहरबाट उद्धार गरिएका दुई सय ५३ नेपाली विद्यार्थी शुक्रबार बिहान स्वदेश आइपुगे। नेपाल एयरलाइन्सको चार्टर उडानबाट परराष्ट्रमन्त्री एनपी साउद नेतृत्वको टोलीले इजरायलको राजधानी तेलअभिभ पुगेर उनीहरूलाई ल्याएको हो। शुक्रबार बिहान उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो संख्यामा उपस्थित आफन्तजनले स्वागत गरेका थिए।

> नेपाल एयरलाइन्सको विमान त्रिभुवन विमानस्थलमा शुक्रबार बिहान २ बजे अवतरण गरेपछि पर्खेर बसेका आफन्त भावविह्वल भएका थिए। कोही छोराछोरीसँग अंकमाल गर्दै भावुक भए भने कोही फर्किएको सन्तानलाई देखेर खुसी भए।

इजरायलबाट फर्किएका नेपाली विद्यार्थीका आफन्त एयरपोर्टमा राति १ बजेदेखि जम्मा भएका थिए। नेपाल एयरलाइन्सको विमान त्रिभुवन विमानस्थलमा शुक्रबार बिहान २ बजे अवतरण गरेपछि पर्खेर बसेका आफन्त भावविह्वल भएका थिए। कोही छोराछोरीसँग अंकमाल गर्दै भावुक भए भने कोही फर्किएका सन्तानलाई देखेर खुसी भए।

सरकारले यसलाई पहिलो चरणको उद्धार भनेको छ। अबको चरणमा ज्यान गुमाएका विद्यार्थीको शव ल्याउने बताइएको छ।

विभेदकारी शिक्षाविरुद्ध विद्रोहको मसाल



शुरोजंग पाण्डे
surojang@gmail.com

रंगमञ्च

> नाटकले देशमा जतिसुकै ठूलो परिवर्तन र बलिदान भए पनि एकखाले शिक्षाले उच्च अभिजात वर्ग जन्माइरहेको र अर्कोखाले शिक्षाले जनताका छोराछोरीलाई मजदुरभन्दा माथि उठ्न नदिएको सन्देश राम्ररी दिएको छ।

समसामयिक विषय, घटनाक्रम र प्रवृत्तिलाई अभिनयमार्फत महत्त्वपूर्ण सन्देश प्रवाह गर्ने प्रभावशाली माध्यम हो नाटक। रंगमञ्चले समाजका अनेकन समस्या उजागर गर्दै समाधानको दिशाबोध गर्छ र कलात्मक रूपमा जनतामा सञ्चार गर्ने काम गर्दछ। शिल्पी थिएटर, बत्तिसपुलतीमा १७ असोजदेखि प्रस्तुत यस्तै प्रभावशाली नाटक 'कालो अक्षर, रातो अक्षर'ले नेपालको शिक्षा प्रणालीको अत्यासलाग्दो वर्गीय खाडल र यसले निम्त्याएको अनेकन समस्याको उजागर मात्र गरेको छैन, शैक्षिक आन्दोलनलाई दिशाबोध गर्दै निद्रामा रहेको सरकार, पार्टी र नेताहरूलाई ब्युँझाउने कोसिस पनि गरेको छ।

अनेरास्ववियुको प्रस्तुति रहेको नाटकले यतिवेलाको राजनीतिक परिदृश्यलाई मात्र होइन, शैक्षिक माफियाहरूको जगजगीमा नेताहरूको राजनीतिक अवसानको जीवन्त प्रस्तुति







पनि दिएको छ । नाटकले समाजवादी प्रगतिशील चिन्तन बोक्ने सबैको ध्यान खिचेको छ । त्यस्तै, वर्गीय खाडल फराकिलो पारिरहेको मार्क्सवादी भाषाको बुर्जुवा शिक्षा प्रणालीलाई पुनर्गठन गरिछाड्ने कसम पनि खाएको छ । करिब डेढ घन्टाको प्रस्तुति हेरेपछि कथावस्तु, चरित्र चित्रण, संवाद, परिवेश, भाषाशैली, द्वन्द्व, अभिनय रंगशिल्प र उद्देश्यले नाटकलाई जीवन्त बनाउन अपरिहार्य भूमिका खेलेका हुन्छन् भन्ने कुरालाई परिकल्पनाकार, लेखक र निर्देशकले राम्रोसँग बुझाउने प्रयास गरेका छन् ।

दलाल पुँजीपति र माफियाहरूको राजनीतिक नेतृत्वसँगको पहुँच र उनीहरूले शैक्षिक आन्दोलन तुहाउन खेल्ने षड्यन्त्र, अहिलेका राजनीतिक दलका नेताहरूको दलाल र स्वार्थी चरित्रलाई नाटकले नाङ्गेझार्न बनाएको छ । उनीहरूको त्यस्तै चरित्र शैक्षिक समानता र निःशुल्क शिक्षाको मौलिक अधिकार कार्यान्वयनमा गम्भीर चुनौतीका रूपमा देखापरेको पात्रमार्फत उजागर गरिएको छ । खासगरी, पछिल्लो ०६२/६३ को जनआन्दोलनपछि शैक्षिक आन्दोलनलाई दिशा दिन नसकेको आरोप खेपिरहेको अनेरास्वावियुले आफ्ना लक्ष्य र क्रान्तिकारी स्पिरिट कायमै रहेको पनि सन्देश दिएको छ । त्यस्तै, ०३६ को विद्यार्थी आन्दोलनमा सक्रिय आफ्नै पार्टीका कतिपय नेताहरूसमेत निजी शिक्षाको प्रवर्तक बनेकोमा नाटकले व्यंग्य गरेको छ । नाटकमा दिएको प्रस्तुतिले व्यवस्था बदलिएको, तर अवस्था नबदलिएको मात्र होइन, केही मुठ्ठीभर व्यक्तिहरूलाई लाभ हुँदा लाखौँ युवा बिदेसिएको कथाले उत्तिकै दर्शकको ध्यान खिचेको छ । सार्वजनिक शिक्षा र निजी शिक्षाको विभेद छर्लंग पार्दै नाटकले जतिसुकै ठूलो परिवर्तन र बलिदान भए पनि एकखाले शिक्षाले उच्च अभिजात वर्ग जन्माइरहेको र अर्को खाले शिक्षाले जनताका छोराछोरीलाई मजदुरभन्दा माथि उठ्न नदिएको सन्देश राम्ररी उजागर गरेको छ । निजी शैक्षिक संस्थाहरू विद्यार्थी निर्यात गर्ने कम्पनीको रूपमा खडा भएका तथा सरकारी संस्थाहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने थलोको रूपमा विकास भएको तथ्यसमेत उद्घाटित छ ।

नायक संगीत नाटकमा सफल देखाए पनि अन्तिममा उनको मृत्यु भएको हो वा उनी जिउँदै छन् भन्ने कौतुहलता कायमै छ । नाटकको पहिलो दृश्यमै सकारात्मक, तर ठट्यौली पाराको भूमिकामा देखिएका राजको अभिव्यक्तिले अहिलेको सामाजिक सञ्जालमा रमाइरहेका पुस्तालाई व्यंग्य पनि गरेको छ । 'आन्दोलन भन्यो डुंगामुढा गऱ्यो, रेलिङ भाँच्यो' भन्दै पुरानो शैलीका आन्दोलनप्रति केही कटाक्ष गर्दै राजले 'मायापिरती' का कुरा गर्दै भन्दै बोलेको संवादले आन्दोलनबाट प्राप्त उपलब्धि आर्थिक अपराधमा परिणत भएको भन्ने संकेत गरेको छ । आन्दोलन र मायापिरती मात्रै होइन, यो नाटकमार्फत आन्दोलनबाटै मिडियाले रातारात बनाइदिएका सेलिब्रेटीहरूको कथालाई पनि कुशल ढंगले उधिन्ने प्रयास गरिएको छ । मजदुरका छोराछोरीलाई फेरि पनि मजदुर नै बनाइरहन बाध्य पार्ने शिक्षाबारे सोच्ने वेला आएको छ भन्ने सन्देश नाटकले दिएको छ ।

बहुदल, लोकतन्त्र र गणतन्त्रसँगै मान्छे बदलियो, तन्त्र बदलियो, मन्त्री बदलिए र व्यवस्था बदलियो, तर अवस्था बदलिएन । यो नबदलिएको अवस्थाप्रति पनि 'कालो अक्षर, रातो अक्षर'ले बेजोड प्रश्न उठाएको छ । जनताका छोराछोरीमाथि मार्क्सवाद, समाजवाद, माओवादका नारा मात्रै घोकाउने नेताहरूविरुद्ध पनि नाटक केन्द्रित छ । नाटकले थाक्ने र भाग्नेहरूको इतिहास नलेखिने भन्दै आशाको दियो बोकेर हिँड्नुपर्छ भन्ने प्रेरणा दिने प्रयास गरेको छ ।

शैक्षिक माफियाहरूका पक्षमा लागेर पुँजीवादी राष्ट्रसामु हाम्रो देशका नागरिकलाई श्रमिकका रूपमा चिनाउन राज्य नै लागिपरेको र त्यसका विरुद्ध अझै आक्रामक हुन जरुरी छ भन्ने सन्देशसहित नाटकले माफियातन्त्रका विरुद्ध बिगुल फुक्ने प्रयत्न गरेको छ ।

शिक्षा, स्वास्थ्य, जातीय विभेद आदिका बारेमा समेत केही उठान गरिएको नाटकमा निर्देशक दिलीपले चिया बेच्ने आमा पात्रमार्फत सन्तानको शिक्षाका लागि उमेरजति सबै चियामा उमालेर सक्ने हजारौँ आमाहरूको कथालाई उन्ने प्रयास गरेका छन् । विद्यार्थी नेता दिलीपको मिहिनेत हेर्दा उनी राम्रो नाट्य निर्देशकको पथमा लम्किने प्रयासमा देखिएका छन् । रंगमञ्चको पृष्ठभूमिमा मधुर स्वरमा बजिरहेको गीत 'खोलाको पानी यो जिन्दगानी' जस्तै सन्तानको शिक्षाका लागि हड्डी बूढो बनाएपछि शिक्षा र रोजगारीका लागि बिदेसिन बाध्य युवाहरूको कथालाई पनि निकै मार्मिक ढंगले प्रस्तुत गरिएको छ ।

नाटकका परिकल्पनाकार समिक बडाल अनेरास्वावियुका अध्यक्ष हुन् । उनी आफैँलाई प्रश्न उठाएर यो नाटक परिकल्पना गरेका छन् । लेखक आरके रोमस र निर्देशक दिलीप खड्का पनि अनेरास्वावियुका केन्द्रीय सदस्य हुन् । उनीहरूको यो सिर्जनशीलताले सिंगो विद्यार्थी आन्दोलनलाई दिशाबोध गरेको छ ।

नाटकमा अनुप न्यौपाने, अजय लामा, दिपेश काफ्ले, बालकृष्ण रिजाल, मिलन कार्की, योगिन राई, रेनुनाथ योगी, रमिला मोक्तान, संगीता थापा, सञ्जीव राई, सुजैन सिलवाल, सुदीप खतिवडा र शान्ता राईको राम्रो अभिनय छ ।

भुइँकुहिरोभित्र एक साधक



एक्लो साधक । नितान्त एक्लो । गणेश रसिकका प्रियहरूले क्रमैसँग उनलाई एक्लो पार्दै गए । लाग्छ, उनी त्रासद समयले प्रहार गरेको तीरको हमलाबाट घाइते छन् ।

*जब कुनै मानिस आफ्ना लागि नयाँ स्वर्ग बनाउन सफल हुन्छ, त्यो स्वर्ग बनाउन चाहिने जरुरी तागत आफ्नै नर्कबाट प्राप्त गर्छ । - **नित्से***

निकै वर्षअघि । एउटा सार्थक दिन । सिमलको भुवाजस्तै भुइँकुहिरो, सिमसिमे झरी, सुन्दर सानो चियाबारी बीच चिटिक्कको घर । घरभित्र गुञ्जिरहेको हारमोनियमको सरगम । सरगमसँगै सुमधुर आलाप ।

घरभित्र छन् एक्लो साधक । नितान्त एक्लो । उनका प्रियहरूले क्रमैसँग उनलाई एक्लो पार्दै गए । लाग्छ, उनी पीडामा छटपटिरहेका हरिण हुन् । त्रासद समयले प्रहार गरेको तीरको हमलाबाट घाइते छन् । तर, एउटा कलाकार, सर्जकले त्यही पीडाबाट स्वर्ग निर्माण गर्दोरहेछ । र, त्यो स्वर्ग आफ्ना भावकहरूसँग पनि बाँड्दोरहेछ । यतिवेला म पीडालाई कलाले परास्त गरेको दुर्लभ रोमाञ्चक दृश्य अनुभूत गरिरहेछु । यावत् पीडाहरूलाई दरकिनार गर्दै कलामा निमग्न एक साधकको धपधपी बलेको अनुहार नियालिरहेछु । यो सब प्रत्यक्ष देखेर ममा दृढ विश्वास जागेको छ, कि कला एक मेडिटेसन हो ।

लाग्छ, ती हारमोनियममा कुदिरहेका औँलाहरू नियतिविरुद्धका जुलुस हुन् । आँखामा छ प्रश्नहरूको समुद्र । गलामा छ वेदनाको लहर । अझै गहिरोसँग हेर्दा उनी पहाडजस्ता लाग्छन् । शिरमा धैर्यताको आकाश थामिरहेका छन् । थाहा छैन त्यो पहाडले अझै कति आँधीको सामना गनुपर्ने हो ।

यतिवेला म इलाम फिक्कलस्थित गणेश रसिक दाइको घरमा छु । सानो छँदा रेडियोमा बहुत सुनेको नाम गणेश रसिक, पाठ्यपुस्तकमा खुब पढिएको नाम गणेश रसिक । 'रातो भाले' र 'घरबेटी नानी' बोलका गीत हामीबीच पपुलर थियो । अहिले कवि वासु शशीले रचना गरेको 'मसँग एउटा तारा छ मायाको' गीतको फ्यान हुँ । उनै दाइ निकै लामो समयदेखि जिल्लावासी भएका छन् । अनुज पुस्तालाई पनि उत्तिकै प्रेम गर्ने दाइको स्वभावको कारण सुन्न, पढ्न, बुझ्न पाएको छु । आधा शताब्दीअघिबाट सुरु भएको उनको कलासाहित्यको यात्रा सदैव मलाई रोचक र प्रेरणादायी लाग्छ । उनका सिर्जनाहरू बोल्छ, एक लिजेन्ड हुन् रसिक दाइ । लामो समय उनले गरेको संघर्षको प्राप्ति हो अहिलेको मुकाम । लु हेर्नुहोस् त सृजनाको शक्ति ! जो कोही सिर्जनाको अघि नतमस्तक हुन करै लाग्छ ।



प्रकाश थाम्सुहाङ
pthamsuhang2037@gmail.com

संगीत

> भोजपुर छिनामखुमा जन्मेका रसिक दाइ नाम चलेका परिवारका सदस्य हुन् । तर, आँखामा निःसृत सपना र हृदयमा उब्जिएको कलामोहले कलिलै उमेरमा घर छाड्छन् । अहिले सम्झँदा पनि अचम्म लाग्छ, १९ वर्षकै उमेरमा दाइले 'धेरै सम्झे धेरै हुन्छ, थोरै सम्झे थोरै हुन्छ' जस्तो चर्चित गीतको रचना र संगीत गरिसकेका थिएछन् ।

विसं २०६३ साल । म मेरो कविता कृतिको प्रकाशन सन्दर्भ पारेर बागबजारस्थित साथी प्रकाशनमा पुग्छु । त्यहाँ छन् पहिल्यै, भादगाउँले टोपी लगाएका हृष्टपुष्ट मानिस । यी मानिसलाई कतै देखेको हुँ जस्तो लाग्छ । तर, ठम्याउन सक्दिनँ । कि मेरा गाउँले काका, तुम्बा र दाइहरूको अनुहार मिलेको कारण मलाई यस्तो लागेको हो । यतिवेलै दाइ सुदर्शन श्रेष्ठ बोल्छन्- उहाँ गणेश रसिक । उहाँको पनि किताबको काम हुँदै छ ।

चकित हुन्छु म । दाइलाई नमस्कार गर्छु । एकै सासमा घर, नाम सबै बताउँछु । यसरी नामसँग परिचित, तर ज्यान प्रत्यक्ष नदेखेको व्यक्तिलाई सामुन्ने पाउँदा पुलकित हुन्छु म । केही नर्बस पनि । तर, दाइ त नामजस्तै रसिक रहेछन् । एकाध घन्टाको हाम्रो बसाइँमा दाइको रोचक गफ, किस्सा र ठट्टाले हामी नहाँसेको क्षण हुँदैन । पहिलो भेटमै दाइ यसरी खुले कि हामी पुराना परिचित हौँ ।

दाइको संस्मरणात्मक निबन्ध छापिएर आउँछ 'दशगजामा उभिएर' । पढेर म फेरि चकित खान्छु । किशोर समयदेखि नै दाइले गरेका संघर्ष र कलाप्रतिको उत्कण्ठ मोह देखेर श्रद्धा पलाएर आउँछ । कस्तो लालित्य पूर्ण भाषा, भावनाको गहिराइ, अनुभवको इतिवृत्तान्त, शिल्पको उम्दा नमुना । गीतको फ्यान म । लेखनीको पनि
फ्यान भएर आउँछु ।

रसिक दाइ त किशोरवयमा पनि इलाम आएका रहेछन् । त्यो वेला अञ्चलाधीश कार्यालयबाट छापिने पत्रिकामा काम पनि गरेछन् । इलामका साहित्यकार विष्णु नवीनसँग उठबस र सहकार्य गरेछन् । विष्णु नवीनलाई बुझ्न दाइको संस्मरण पढे मात्र पुग्छ । मैले एकै बसाइँमा त्यो कृति छिचोलेको हुँ । पाठकलाई ध्यान अन्यत्र मोड्न नदिने किताब नेपाली साहित्यमा कमै लेखिएका छन् । फलस्वरूप उक्त किताबको निकै चर्चा हुन्छ । रसिक दाइले पद्मश्री पनि पाउँछन् । उपयुक्त किताब पुरस्कृत भएको क्षण म पनि खुसी हुन्छु ।

भोजपुर छिनामखुमा जन्म भएका रसिक दाइ नाम सुवास चलेका परिवारका सदस्य हुन् । तर, आँखामा निःसृत सपना र हृदयमा उब्जिएको कलामोहले कलिलै उमेरमा घर छाड्छन् । अहिले सम्झँदा पनि अचम्म लाग्छ, १९ वर्षकै उमेरमा दाइले 'धेरै सम्झे धेरै हुन्छ, थोरै सम्झे थोरै हुन्छ' जस्तो चर्चित गीतको रचना र संगीत गरिसकेका थिएछन् । त्यही कलाको हुटहुटीको कारण रहेछ दाइलाई आफ्नो गाउँ साँघुरो लागेको । भनिन्छ, 'ओठबाट निचोर्दा दूध आउने उमेरमा' दाइले गरेको कालजयी सिर्जना गाउँ छाडेपछिको प्राप्ति हो । अरुतिर हेर्दा पनि कला सर्जक फिरन्ते छन् । सम्भवतः अनुभवको पिरामिडले सिर्जनामा निखार आउँछ होला । दाइ काठमाडौँ छिरेपछि रहेछ कलाले गति लिएको । त्यही समय रहेछ राल्फा हुँदै लेकाली समूहमा बसेर उत्कृष्ट सिर्जना भएका । दाइका दुई संस्मरणात्मक कृति पढ्दा बोध हुन्छ, एउटा सर्जकको संघर्ष कथा । जुन संघर्षले नेपाली कलासाहित्य क्षेत्रलाई महत्त्वपूर्ण अंशदान दिएको छ । जीवन डोऱ्याउन जागिर खाँदै दाइले गरेको संघर्षको कथा ख्याल प्रेरणादायी छैन ।

एउटा स्रष्टालाई प्रेमको जरुरत किन पर्छ ? त्यसो त प्रेम सार्वभौम विषय हो । विश्वमै स्रष्टाका प्रेम प्रसंगका रोचक किस्सा पढ्न पाइन्छ । भ्यानगगले प्रेमिकालाई आफ्नो कान काटेर दिए रे । अमृता प्रितमको प्रेम प्रसंग पनि ख्याल रोचक छैन । त्यस्ता थुप्रै अन्य उदाहरण छन् । रसिक दाइको प्रेमप्रसंग पनि हामी साथीभाइमाझ चर्चा हुन्छ । दाइ पनि भावुक र प्रेमिल मान्छे हुन् । दाइको अन्तर्जातीय विवाह भएको हो । मैले सुनेको, दाइले जहाँ खाना खान्थे त्यही होटेल साहुको छोरीसँग प्रेमविवाह गरे । दाइले प्रेममा इमानदारिता देखाए । सायद त्यो समयका प्रेमिल उत्कृष्ट रचनाहरूमा प्रेमको प्रभाव छ ।

एउटा साँझ, इलाम फिक्कल दाइको घरमा भेला भएका छौँ । त्यो वेला दाइले सञ्चालन गरेका फिक्कल एफएमले 'सिकुवा शृंखला' सांगीतिक कार्यक्रम आयोजना गर्थ्यो । यसपटक संगीतकार पारस मुकारुङ र गायिका झुमा लिम्बूको प्रस्तुति थियो । कार्यक्रमको प्रस्तुतिपछि साँझमा दाइले विशेष पेय पदार्थ हामीलाई चखाउने भए । हामीलाई सतर्क पनि गराउँछन्- एक गिलासले कवि कृष्णभूषण बल चारपाउ टेक्ने भएका हुन् । एकै गिलासले गायक फत्तेमान इन्तु न चिन्तु भएका हुन् । विचार गरेर पिउनू ।

मुकुसाम्बा म, मुर्चोले म । एक गिलासले केही नभएपछि अर्को थप्छु । मलाई त छोएन दाइ भन्दै अर्को थप्छु । सुत्ने वेला रिमरिमसम्म हुन्छ । जसै बिहान हुन्छ, म चारपाउ टेक्ने हुन्छु । त्यो अनौठो र अद्भुत पेय पदार्थले नामुद पियक्कडलाई पनि थला पार्छ । त्यो पेयले मेरा धेरै साथीहरूको रोचक किस्सा बनेको छ । छुट्ने वेला दाइ भन्नुहुन्छ- मसँग धेरै रिसाउँछन् होला है !

दाइको आत्मसमीक्षा त्यो पेय पदार्थ पिलाउनुसँग सम्बन्धित थिएन । त्यो वेला दाइ संगीत नाट्य एकेडेमीका सदस्यसचिव थिए । हिजो गफमा भन्दै थिए - उहिले र अहिले पनि, परिवर्तित राजनीति व्यवस्थामा पनि सरकारी सेवासुविधा लिइरहेको छु । मसँग रिसाउँछन् होला साथीहरू ।

भन्छु - तपाईं योग्य हुनुहुन्छ ।

त्यसो त कुनै समय दाइलाई अनावश्यक विवादमा मुछ्ने काम पनि भयो । जस्तो कि जमानामा लेखेको गीत उत्खनन गरेर दक्षिणपन्थी कित्तामा उभ्याउने चेष्टासमेत गरे । ६२/६३ को दोस्रो जनआन्दोलनपछि केही उग्र झुन्डले उनलाई कुनै पनि कार्यक्रममा एकेडेमी प्रवेश निषेध गर्नुपर्छ सम्म भन्न भ्याए । तर, म यी अतिवादविरुद्धमा सधैँ अडिग थिएँ । कुनै पनि स्रष्टालाई निषेधको राजनीति गर्नुहुन्न भन्ने मेरो मान्यता थियो । फेरि आफूलाई प्रगतिशील, प्रगतिवादी ठान्ने स्वनामधन्य स्रष्टाहरूको स्खलन कुर्न धेरै समय पनि त लागेन ।

कुनै समय दाइ राजनीतिमा पनि होमिए । समाज परिवर्तन राजनीतिबाट मात्र सम्भव छ, लागेको हुनुपर्छ । इलाम संसदीय क्षेत्र नम्बर एकबाट संसद्को चुनाव लडे । नतिजा उनको पक्षमा रहेन । दाइको नेचर नै राजनीति गर्ने थिएन छैन । कहाँको भावुक स्रष्टा, कहाँको तिकडमबाजीको राजनीति । दाइले राजनीति छाडे र सिर्जनामै केन्द्रित भए । बरु सिर्जनात्मक गतिविधिमा सक्रिय भए । दाइले गणेश रसिक फाउन्डेसनबाट धेरै महत्त्वको काम गरेका र गर्दै छन् ।

१५ असार ०८० मा दाइसँग पहिलोपल्ट सँगै यात्रा गर्ने अवसर जुऱ्यो । सन्दर्भ थियो डा. रणशेर राई स्मृति प्रतिष्ठानले गरेको कार्यक्रम । यात्रा हाम्रो गाईघाटसम्म छ । उमेरले चारकोरी छुने लाग्दा पनि दाइमा भएको उत्साह र चिरपरिचित रसिकपन उस्तै छ । लाग्छ, दाइको शब्दकोषमा तनाव भन्ने शब्द छैन । सारा तनाव र पीडाहरूलाई पराजित गर्ने असली योद्धा । एक साधक । गाईघाटमा पनि हारमोनियममा नाच्छ औँला र माहोल सुरमय अलौकिक बन्छ । दाइलाई जति सुने पनि सुनौँ लाग्ने । जति पढे पनि पढौँ लाग्ने । गाईघाटपछि इलाम बोलाउँछौँ । असार २९ भानुजयन्तीको दिन अरनिको सांस्कृतिक संग्रहालय, पुरानो दरबार इलाममा नगर साहित्य कलासंगीत प्रतिष्ठानको आयोजनामा दाइको एकल गायन राख्छौँ । बाहिर छ उस्तै उडिरहेको भुइँकुहिरो, उस्तै सिमसिम पानी । उस्तै सुन्दर मौसमबीच दाइको गायन सुरु हुन्छ । दाइका आफ्नै जोनरका मेलोडियस गीत सुनेर हामी श्रोता मन्त्रमुग्ध हुन्छौँ । आधा शताब्दीअघिका गीतहरू पनि उत्तिकै कर्णप्रिय छन् । दाइलाई अरूभन्दा बेग्लै गीतमा आउने कथाले बनाउँछ । दाइले साहित्य-संगीतमा आफ्नो धरोहर त्यसै निर्माण गरेका होइनरहेछन् । आफ्नो विरासत त्यसै निर्माण गरेका होइनरहेछन् । माडबाट होस् या साधनाबाट, उनले विशिष्ट कला प्राप्त गरेका छन् । त्यो विशिष्ट कलाले नेपाली साहित्यसंगीत क्षेत्रमा उनलाई विशेष बनाएको छ । छुट्ने वेला दाइ भन्नुहुन्छ- भाइ, म त यसरी साथीभाइसँगको भेटघाटले मन भुलाउने कोसिस गरिरहेछु ।

रसिक दाइ दिल्लीको अस्पतालले फर्काएका बिरामी हुन् । डाक्टरको भनाइअनुसार उनको रोग निको हुँदैन । अब औषधिले मात्र धान्ने हो । हेर्दा, बोल्दा लाग्दैन कहिल्यै निको नहुने रोग बोकेर हिँडिरहेछन् । उनको अनुहार अझै धपधपी बलेको छ । यी सब सकारात्मक सोचको कारण हुनुपर्छ । मेरो विश्वास छ, संगीतबाट निःसृत मानसिक थेरापीले उनलाई थलिन दिँदैन । हाम्रो भेट फेरि हुनेछ रसिक दाइ ।

हाङझाउ एसियाड

आधुनिकता र हरियालीको सन्देश

प्रदूषणरहित, स्वच्छ र हरियाली सहरको 'कन्सेप्ट'का लागि हाङझाउ एउटा राम्रो उदाहरण हो



श्रीलोचन राजोपाध्याय
shreelochan2070@gmail.com

संस्मरण



'अब यस्तो एसियाड हुन सक्छ ?,' इरानका पत्रकार मोहमद अहमेदले भनिरहेका थिए । १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)को समापनपछि अहमेदले भनेका थिए, 'वास्तवमा चीनले अहिलेसम्मकै उत्कृष्ट एसियाडको आयोजना गऱ्यो । अब जापानलाई चुनौती छ ।' चीनले तेम्रोपटक एसियाड आयोजना गर्ने अवसर पाउँदा कुनै पनि पक्षमा कमजोरी देखाएन । सबैलाई खुसी बनाउँदै बिदा गऱ्यो । हाङझाउबाट फर्किएकाहरूले यसपटकको आयोजनाबारे बयान नगरी बस्नै सकेनन् । निर्धारित समयभन्दा एक वर्षपछि आयोजना भएको एसियाडमा चीनले सन् २०१८ को जकार्ताभन्दा धेरै राम्रो गऱ्यो ।

कोभिड- १९ को महामारीका कारण चीनले २०२२ मा गर्नुपर्ने एसियाड २०२३ मात्र गरेको हो । यसले गर्दा चीनलाई प्रतियोगिता थप उत्कृष्ट बनाउन र कमीकमजोरी पत्ता लगाउन समय पायो । चीनले यो प्रतियोगिता आयोजना गर्न ४१ बिलियन अमेरिकन डलर खर्चियो । आयोजक चीनले ५६ कम्पिटिसन भेन्यु, ३१ प्रशिक्षण भेन्यु, एउटा एसियन गेम्स भिलेज तथा चारवटा एसियन गेम्स सब भिलेजको निर्माण गरेको थियो । यी सबै बनाउन चीनले थप १०.१९ बिलियन अमेरिकी डलर खर्च गऱ्यो । चार वर्षअघिको आयोजक जकार्ताले २७ बिलियन अमेरिकन डलर खर्चिएको थियो ।

१९औँ एसियाड आयोजना गर्ने अवसर पाएपछि नै चीनले हाङझाउलाई एक आधुनिक सहरका रूपमा विकास गरेको थियो । धेरैजसोले चीनको पछिल्लो विकसित सहर हेर्न हाङझाउ नै रिफर गरेको पाइन्छ । सहरको मुख्य सडकतिर गननचुम्बी घर तथा भित्री क्षेत्रमा पुराना घर देखिन्छन् । सहरलाई हरियाली बनाएको छ । धुवाँधुलो कतै छैन । साथै तत्कालै ओलम्पिक खेलकुद प्रतियोगिता आयोजना गर्न मिल्ने गरी चीनले अति नै सुविधासम्पन्न रंगशाला निर्माण गरेको छ । एसियाडको आयोजनासँगै अब एसियनलगायत अन्य राष्ट्रले चीनको हाङझाउ सहर चिन्नेछन् । धेरैजसोले विश्व प्रसिद्ध चिनियाँ कम्पनी अलिबाबाको हेड क्वार्टर पनि हाङझाउमै रहेको थाहा पाएका छन् ।

चीनको पूर्वी सहर हाङझाउमा १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)को रिपोर्टिङ क्रममा 'निहाउ र सिसी' अर्थात् स्वागतम् र धन्यवाद दुई शब्द सिकियो । हाङझाउमा दुई हप्ताको बसाइमा यी मीठा दुई शब्दसँग अभ्यस्तझैं भएँ । नेपालबाट समाचार संकलन गर्न गएका हामी डेढ दर्जन नेपाली खेल पत्रकारसमेत ख्यालठट्टामा 'निहाउ र सिसी' भन्थे । करिब १७ दिनको चीन बसाइको प्रभाव हामीमाथि यस्तो पऱ्यो कि एसियाडको रिपोर्टिङपछि फर्कंदा अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा एकआपसमा 'गुड बाई' नभनी 'सिसी' भनी फर्किएका थियौं ।

गुगल ट्रान्सलेसन

आयोजक चीनले हाङझाउ सहरको विभिन्न क्षेत्रमा इभेन्ट्स राखेको थियो । अधिकांश खेल भेन्युमा खेलाडी, अफिसियल तथा अन्तर्राष्ट्रिय जर्नालिस्टहरूलाई समस्या नहोस् भनी १० हजारको हाराहारीमा स्वयंसेवक परिचालित थिए । स्वयंसेवकहरू विश्वविद्यालयका विद्यार्थी थिए । उनीहरूले यसलाई पार्टटाइम जबका रूपमा भरपूर प्रयोग गरे । ४४ राष्ट्रबाट हाङझाउमा पुग्नुअघि एउटा प्रश्न थियो, चीनमा उनीहरूको भाषाबाहेक अन्य बोलिँदैन । अनि कसरी कम्युनिकेसन गर्ने ? पक्कै भाषाको समस्या आउने भयो । तर, १२ हजार पाँच सयजना खेलाडी तथा दर्शौं हजार अन्य पाहुनाहरूले यस्तो खासै समस्या झेलेको देखिनँ । आयोजकले खेलस्थल, मिडिया सेन्टर र अन्तर्राष्ट्रिय विमानस्थलमा परिचालन गरेका स्वयंसेवक कोही अति नै राम्रोसँग इंग्लिस बोल्न सक्ने थिए । कोही सामान्य अंग्रेजी बोल्थे ।

बिस्तारै बोल्दा चिनियाँहरू सहजै इंग्लिस बुझ्छन् । त्यसमा अलि गाह्रो शब्द प्रयोग हुँदा उनीहरू तत्कालै आफ्नो मोबाइलमा 'गुगल ट्रान्सलेसन' गर्न आग्रह गर्छन् । उनीहरू यस्तो भन्छन्, 'वो टिङग वु डोङ क्विन फायनी' अर्थात् तपाईको कुरा मैले बुझ्न सकिनँ । कृपया गुगल ट्रान्सलेसन प्रयोग गर्नुहुन्छ ?' हामी मात्र नभएर अन्य विदेशीले पनि आफ्नो मोबाइलमा ट्रान्सलेसन गरी समस्या समाधान गर्थे । पाहुनाको समस्या समाधान नहुँदासम्म उनीहरू स्ट्यान्डबाई हुन्थे ।

> १९औँ एसियाड आयोजना गर्ने अवसर पाएपछि नै चीनले हाङझाउलाई एक आधुनिक सहरका रूपमा विकास गरेको थियो । सहरको मुख्य सडकतिर गननचुम्बी महल तथा भित्री क्षेत्रमा पुराना घर देखिन्छन् । सहरमा हरियाली छ । धुवाँधुलो कतै छैन ।

मेट्रो ट्रेनमा मोबाइल कल्चर

हाम्रोतिर आरएनएसी, रत्नपार्क, चाबहिल, गोंगबु, कलंकी र लगनखेबाट नै अधिकांश क्षेत्रमा जाने लोकल गाडी गुड्छन् । जहाँ जानु परे पनि यीमध्ये एक स्थानलाई रोज्नुपर्ने बाध्यता छ । तर, सिंगो हाङझाउ सहरमा सीमित लोकल गाडी मात्र गुडेको देखें । ८० लाख ४५ हजार जनसंख्या मध्ये ९० प्रतिशत हाङझाउका स्थानीयको दैनिक यात्रा मेट्रो ट्रेन हो । बिहान ६ देखि बेलुकाको ११:३० बजेसम्म मेट्रो ट्रेन चल्छ । फेरि मेट्रो ट्रेनको ट्र्याक यति विशाल छ । यो मेट्रो ट्रेन सिंगो सहरमुनि निर्माण भएको छ । प्रत्येक स्टेसनमा लाइन हुन्छ । थोरै क्षेत्र मात्र एउटै लेनमा पर्छ । एकबाट अर्को स्थानसम्म पुग्न लेन परिवर्तन गरिराख्नु पर्छ । पहिलोपटक यहाँ पुगेका विदेशीले आफ्नो लेन बिसँदा कहाँ पुगेको पत्तो नै हुँदैन ।

प्रत्येक स्टेसनमा दुईदेखि आठ मिनेटको अन्तरमा मेट्रो ट्रेन आउने र जाने हुन्छ । टाइम टेबलअनुसार चल्ने भएकाले उनीहरू आफ्नो समयकै मेट्रो पक्रन्छन् । मेट्रो मिस गर्न चाहँदैनन् । यसैकारण, हामीले उनीहरूलाई जतिबेला पनि हतारमै रहेको पायौं । मेट्रोभित्र प्रवेशदेखि बाहिर आउँदासम्म स्थानीय यात्रुहरू सुरुमा सिट नै खोज्छन् । नेपालमा केही वर्षअगाडि मात्र सुरु भएको आरक्षण सिटजस्तै हाङझाउको मेट्रोभित्र विशेष सिटको व्यवस्था छ । त्यसमा लेखिएको छ, 'यो विशेष सिट हो, यदि कसैले यसलाई अफर गर्दा छाड्नुपर्छ ।' कुनै यात्रु त्यस विशेष सिटमा बसिरहँदा दोस्रो व्यक्तिले त्यहाँ बस्न खोज्दा अघिल्लो यात्रुले छाड्नुपर्छ । मेट्रो ट्रेनभित्रको एउटा रमाइलो दृश्य देखियो । यात्रा गरेका शतप्रतिशत मानिस मोबाइलमा औंला चलाइरहेका थिए । अति नै भिडभाड र खुट्टा नै राख्ने स्थिति नहुँदा पनि उनीहरू मोबाइल चलाएर बस्थे । स्टेसन आएपछि दायाँबायाँ नहेरी मोबाइल चलाउँदै बाहिरिन्थे । 'यात्राको क्रममा मोबाइल चलाउने कल्चरजस्तै हो, हामीलाई दायाँबायाँको बसेका छन्, मतलव नै हुँदैन,' क्विनजिन सेन्चुरी सिटीका ३२ वर्षीय युवा ली छाङ भन्छन्, 'हामीलाई सिट नहुँदा उभिएर मोबाइल चलाउने बानी परिसक्यो ।'

इलेक्ट्रोनिक बाइक र गाडी

प्रदूषणरहित, स्वच्छ र हरियाली सहरको 'कन्सेप्ट'का लागि हाङझाउ एउटा उदाहरण हो । ८० लाख जनसंख्या भएको सहरमा धुवाँरहित बनाउन स्थानीय सरकारले नै इलेक्ट्रोनिक गाडीलाई पहिलो प्राथमिकता राखेको छ । हाङझाउमा विश्वकै महँगो ब्रान्डिङका मर्सिडिजबेन्ज, हुन्डाई, बिएमडब्लु र भक्सवागन आदि सवारीसाधन इलेक्ट्रोनिक्सका नै छन् । यद्यपि, डिजेल र पेट्रोलबाट नचल्ने गाडी नभएका होइनन् । तर, यो भनेको एक प्रतिशत पनि छैन । ९९ प्रतिशत इलेक्ट्रोनिक्सकै गाडी छन् ।

नेपालमा साइकल र मोटरसाइकल लेन छुट्याइएको छ । यो खासै पालना भएको छैन । १९औँ एसियाड आयोजना गरेको सहरले यी दुवै लेनलाई शतप्रतिशत पालना गराएको छ । हेर्दा अच्चम नै लाग्छ, साइकल र मोटरसाइकलसमेत इलेक्ट्रोनिक्स । फेरि सडकपेटीमा कसैलाई बाधा नपुऱ्याउने गरी लहरै यी दुवै दैनिक प्रयोगमा आउने साधन बिसाउने स्टेसनको व्यवस्था छ । मोबाइलले स्क्यान गरी साइकल वा मोटरसाइकलको लक खोल्नुपर्छ । अबेर रातिसम्म पनि त्यत्तिकै सडकपेटीमा राख्दा कसैले चोर्ने हिम्मत गर्दैनन् । बाइक र साइकलवालाहरू सडकका दायाँ वा बायाँतर्फको सर्भिस लेनमा सवार हुन्छन् । यसबाहेक मुख्य सडकको बीचमा आफूखुसी चलाउन मिल्दैन । कसैले चलाए सडकमा राखिएको सिसिक्यामेराले तस्बिर कैद गर्छ । नियम तोडेअनुसार जरिवाना तिराउँछ । इलेक्ट्रोनिक बाइक यहाँको पठाउजस्तै हो । सामान डेलिभरी गर्ने र मानिस

संरक्षणको भावना

नेपालमा हेर्‍यौं भने २५ सय वर्षअगाडिका पुरातात्त्विक क्षेत्र छन् । अझ देशकै राजधानी काठमाडौंमा लिच्छविकालीनदेखिका अवशेषहरू अलपत्र रूपमा छरिएका छन् । यसको उचित संरक्षण भएको देखिँदैन । सम्बन्धित निकाय र हामीले वस्तुको महत्त्वलाई अझसम्म बुझेका छैनौं । चीनले भने आफ्ना ऐतिहासिकस्थल, भवनहरू, पोखरी तथा प्राचीन बस्तीहरूको उत्कृष्ट ढंगले संरक्षण गरेको छ । यसैलाई आधार मानेर वार्षिक रूपमा उनीहरूले करोडौं विदेशी नागरिक भित्र्याउने गरेका छन् । हाङझाउको सबैभन्दा प्रख्यात ताल 'वेस्ट लेक' हो । यो तालमा साना र ठूला डुंगामा सवार गर्न वार्षिक रूपमा लाखौं आन्तरिक पर्यटक आउने गर्छन् । वास्तवमा योभन्दा निकै राम्रा तालहरू नेपालमा छन् । तर, यहाँ उचित संरक्षण, प्रवर्द्धन र प्रचार-प्रसार नहुँदा अलपत्रजस्तै अवस्थामा छन् ।

हाङझाउले गर्व गर्ने 'द ग्रेट क्यानल' एक हो । यो क्यानल बेइजिङबाट बगेको छ । एक किसिमले यसलाई नहर भनिएको छ । क्यानलमा मोटरबोट, डुंगा, पानीजहाजको सुविधा छ । ११औं शताब्दीको सोङ शासकको दरबार देखाएर आन्तरिक पर्यटक भित्र्याएको छ । सिसी राष्ट्रिय निकुञ्जलाई उत्तिकै आकर्षक बनाइएको छ । नवौं शताब्दीमा बनेको ताङजिन सहरलाई संरक्षण गरेको छ । चियाको वेगन भिलेजसमेतले आन्तरिक र बाह्य पर्यटकलाई आर्कषित गरिरहेको छ । चीनले भविष्यका युवा पुस्तालाई आफ्नो पुर्खाको इतिहास चिनाउने उद्देश्यले सबैथोक संरक्षण गरेको देखिन्छ । यद्यपि, हाङझाउमा भन्दा अति नै पुराना क्षेत्रहरू नेपालमा छन् ।

बच्चादेखि वृद्धसम्म समर्थक

चीनको खेलकुद विकास हुनुको पछाडि समर्थकको ठूलो योगदान छ । यसपटक कीर्तिमान रच्दै चीनले दुई सय स्वर्ण पदक जित्यो । इतिहासमै पहिलोपटक सहभागी राष्ट्रले दुई सय भन्दामाथि स्वर्ण जितेको यो नै पहिलोपटक हो । जब एक खेलाडीले मैदानमा आफूलाई हजारौं दर्शकले समर्थन गरेको देख्छ, त्यसवेला उसको प्रदर्शन एक्कासी उत्कृष्ट हुने गर्छ । यस्तै, भावना चिनियाँ खेलाडीले अनुभव गरेका छन् । चीनको प्रत्येक खेलको भेन्यु फुलहाउस नै हुन्थ्यो । दुई वर्षका बच्चादेखि ९० वर्षमाथिका वृद्धवृद्धासम्म आफ्ना खेलाडीलाई हौसला बढाउन रंगशालासम्म दिनदिनै पुगे । मेट्रो ट्रेनमा ९० वर्षीया हजुरआमा जसको नाम सोङ मिन उल हो, उनी चीनको एथलेटिक्स खेल हेरी छोरी र नातिनीसँग फर्किएकी थिइन् । 'चीनको खेलमा राष्ट्रिय भावना जागृत हुन्छ, एसियाडजस्तो खेलमा समर्थन नगर्ने कुरै भएन,' उनले भनिन् । उनकी नातिनीका अनुसार हजुरआमा खेल भनेपछि हुरुक्कै हुन्छिन् । उनी आफ्नो समयमा जिम्न्यास्टिक खेलाडी थिइन् । यसैकारण नै उल एसियाड खेल चलिरहँदा रंगशालामै पुगिन् । अक्सर चीनको खेल रातिको समयमा हुँदा मेट्रो ट्रेनमा पाइला राख्ने ठाउँ हुँदैनथ्यो ।

(हाङझाउबाट फर्किएपछि)

सौन्दर्य



अनिल किराँती
kirateeanil@gmail.com

कविता

हो,
हामी साझा फूलबारीका फूल हौं ।

तिमी लालीगुराँस
तपाईं सयपत्री
उहाँ गोदावरी
ऊ गुलाब
त्यो बाबरी
यो मखमली
तँ सुनाखरी
तिनीहरू चमेली, इन्द्रकमल, लालुपाते
उनीहरू पारिजात, प्रेमलता, बेगमबेली
र म हुँ लिम्चिङबुङ ।

हो,
हामी फुलिरहेका छौं
सदियौंदेखि सँगै एउटै फूलबारीमा
र छरिरहेका छौं- हरर बासना
तर प्रश्न छ यहाँ,
म किन मालामा गुथिएको छैन ?
मन्दिरको थालीमा किन भइनँ म ?
किन प्रेमिल स्पर्श छैन ममाथि ?
मालीदाइ किन आकार हेरेर गर्नुहुन्छ गोडमेल ?
मालीदाइ किन रङ हेरेर गर्नुहुन्छ मलजल ?
मालीदाइ किन ठाउँ हेरेर गर्नुहुन्छ रेखदेख ?

म लिम्चिङबुङ,
म आदिम फूल हुँ
मेरो आफ्नै बास्ना छ
आफ्नै रङ छ
विशिष्टता छ
छुट्टै विशेषता छ मेरो
म पनि अरू फूलजत्तिकै मौलिक छु
तर सवाल छ यहाँ-
किन स्विकार्दैन मालीदाइ मेरो सौन्दर्य ?

राष्ट्रपतिसँग एक अपराह्न

रुचि श्रेष्ठ
a2zprojects11@gmail.com

अनुभूति

> राष्ट्रपतिको निम्तो मान्न जाने त पक्का हो । तर, पोसाक कस्तो लगाउने ? कार्यक्रम अनौपचारिक भनिए तापनि राष्ट्रपतिको निम्तो मान्न जिन्स लगाएर जाने कुरा आएन । साडी मेरो दिमागमा नै फुरेन । कुर्ता लगाऊँ कि प्यान्ट ?

असोज २२ गते सोमबार राष्ट्रपतिले आफ्नो निवास शीतलनिवासमा लेखक, पत्रकार र बुद्धिजीवीहरूसँग अनौपचारिक भेटवार्ताका लागि चियापान कार्यक्रमको आयोजना गर्नुभएको थियो । एक दिनपहिले मलाई राष्ट्रपतिको कार्यालयबाट निमन्त्रणा 'कल' आएको थियो । निमन्त्रणा आकस्मिक थियो, अप्रत्याशित थिएन । लोकतान्त्रिक व्यवस्थामा राष्ट्रप्रमुखले पत्रकारहरूसँग चियापान, लन्च तथा डिनरको आयोजना गर्नु लोकतान्त्रिक अभ्यास हो ।

राष्ट्रपतिको निम्तो मान्न जाने त पक्का हो । तर, पोसाक कस्तो लगाउने ? कार्यक्रम अनौपचारिक भनिए तापनि राष्ट्रपतिको निम्तो मान्न जिन्स लगाएर जाने कुरा आएन । साडी मेरो दिमागमा नै फुरेन । कुर्ता लगाऊँ कि प्यान्ट ? प्रेस कन्फरेन्स भए प्यान्ट ठीकै हुन्थ्यो होला । सेफसाइडमा बस्न कुर्ता लगाउनु नै ठीक लाग्यो ।

सभाकक्षमा भित्रिनुअगाडि प्रतीक्षालयमा बसिरहँदा मैले वरिपरि आफ्नो आँखा डुलाउन थालें । एकापट्टि भित्तामा शाही पोसाकमा उभिएको एक पुरुष र एक महिलाको हातले बनाइएको पोर्ट्रेट चित्र टाँगिएको थियो । 'श्री ३ महाराज' चन्द्रशमशेरका कान्छा छोरा कृष्णशमशेरको शीतल निवासमा उनै दम्पतीको तस्बिर होला । छतमा बडेमानको फानुस झुन्डिएको थियो । त्यो फानुस उहिल्यै कलकत्ताबाट झिकाएको हुनुपर्छ । फानुसका काँचमा समयका धमिला दाग प्रस्टै देखिन्थे । यो के ? हेरिरहँदा फानुसका ठाउँठाउँका, निकै ठाउँका, काँचका टुक्रा हराइसकेका थिए । ती पनि समयसँगै लुप्त भएको हुनुपर्छ । मंगलाकार बुट्टाको ठीक बीचमा रहेको प्वाल टालेर त्यसको छेउतिर अर्को प्वाल पारेर त्यसैमा फानुस झुन्ड्याइएको थियो । घर मर्मत गराउँदा घरधनीले हेर्न भ्याएन भने कामदारले यस्तै टालाटुली काम गरेर हिँडिदिन्छ । विशेष सौन्दर्यबोध भएका घरधनीको मुड बिगार्न यस्तो अमिल्दो जोडजाडको दृश्य पर्याप्त हुन्छ । मेरो मनमा यस्तो विचार पनि आयो : संग्रहालयमा थन्क्याउनुपर्ने यस्तो फानुस यहाँ किन झुन्ड्याएको होला ?

प्रतीक्षालयमा आगन्तुकको संख्या बिस्तारै बढ्न थाल्यो । मेरोछेउमा बस्नुभएकी लेखकले मलाई बिस्तारै भन्नुभयो, 'तपाईंको कुर्ताको माथिल्लो टाँक फुस्केको छ ।'

मैले मुन्टो निहुराएर यसो हेर्ें । फुस्केको थिएन त ।

'ए, यो त मैले खुलै छाडेको हो । सर्टको जस्तो के घाँटीसम्म ट्याप्प टाँक लगाउनु भनेर,' मैले भनें ।

सभाकक्षमा अर्ध गोलाकार बनाएर राखिएका हामी बस्ने मेच र त्यसको सामुन्ने राष्ट्रपतिज्यू बस्ने मेच राखिएको थियो । यहाँका भित्तामा भने नेपालको संस्कृति झल्काउने चित्र झुन्ड्याइएका थिए । निकै अग्लो छतमा लहरै झुन्डिएको तीनवटा फानुसचाहिँ बाहिर आगन्तुक कक्षमा राखिएकाजस्तै थिए । ध्यान दिएर हेऱ्यो भने डिजाइन मात्र हल्का फरक । मर्मतपछि नयाँ प्वाल पारेर झुन्ड्याएको पनि अघिको जस्तै । कुरैकुरामा सुनियो, राष्ट्रपतिज्यूकै सल्लाहअनुसार गोलाकार बनाएर मेचहरू राखिएको रहेछ, जसले सबैजनालाई उहाँसँग समान दूरीमा बसेको अनूभूति होस् । संयोगले म राष्ट्रपतिज्यू बस्ने मेचको ठीक सामुन्नेको मेचमा बस्न पुगें । के मनमा आयो, अघि खुलै छाडेको कुर्ताको टाँक लगाएँ ।

१७ जनाको नाम थियो रे निमन्त्रणाको सूचीमा । बिस्तारै मान्छे र मेच थपिँदै २६ जना पुगेपछि 'अब यत्ति हो' भन्ने सुनियो । बस्दा-बस्दा अल्छी लागेर एकछिनबाहिरको हावा खानु पऱ्यो भनेर बाहिर निस्कन खोजेको ढोका मै सेक्युरिटीले, 'हजुर वासरुम जान लागिबक्सेको हो ?' भनेर सोधें । मैले भनें, 'होइन । यसै खुट्टा तन्काउन निस्कन लागेको । किन र ?'

सेक्युरिटीले जवाफ दिए, 'उता राष्ट्रपतिज्यू निस्किबक्सियो ।'

मैले सोधें, 'कतिबेर लाग्छ यहाँ आइपुग्न ?'

जवाफ आयो, 'एक मिनेट ।'

म फनक्क फर्केर मेचमा आएर बसें । पाँच मिनेटजतिमा राष्ट्रपतिज्यूको आगमन भयो । उहाँको सम्मानमा हामी सबै मेचबाट उठ्यौं ।

हालै गणतन्त्र दिवसको अवसरमा दिइएको आममाफी दिने सम्बन्धमा राष्ट्रपतिको निर्णयमा उठेको प्रश्नदेखि वैदेशिक रोजगारका लागि अन्धाधुन्ध विदेश गइरहेका युवासँगै देशकै भविष्यको संकटबारे राष्ट्रपतिको काम, कर्तव्य र अधिकारसम्मका विषयमा प्रश्न उठे । दुई मिनेटका छोटाछोटा प्रश्नमा जिज्ञासा राख्न भनिएकोमा प्रश्न पाँचदेखि १० मिनेट लामा हुन थाले । नागरिकता विधेयकमा राष्ट्रपतिको निर्णयको सराहना भयो ।

अभाव र समस्यामा गाँजिएको समयमा नागरिकको हौसला र मार्गनिर्देशनका लागि सेरेमोनियल पदमा आसीन राष्ट्रपतिले नीति र नैतिक मूल्यको प्रभावकारी नेतृत्व देखाउनुपर्ने आग्रह पनि भयो । लामो गुनासो थियो, हिजोसम्म जनताकै बीच रहेको व्यक्ति आज राष्ट्रप्रमुखको भूमिकामा आएपछि उहिलेका 'महाराजहरू'कै परिपाटीमा ढल्केको देखियो ।

हामीले खोतल्नुपर्ने र बुझ्नुपर्ने कुरा के छ भने, नेपाल राज्यमा रूपान्तरणको नारा लागेको दुई दशक पुग्न लाग्दा पनि कुनै पनि क्षेत्रमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । जनताका संवैधानिक अधिकार सुरक्षित भइसक्दा पनि सोअनुसार ऐन र कानुन बनाउन केको छेकबार छ ? भएको नियम र कानुनको कार्यान्वयन केले अड्काएको छ ? राष्ट्रपतिसँगको यी जिज्ञासा दृष्टान्त मात्र हो ।

राष्ट्रपतिको पद हामीलाई संघीय गणतान्त्रिक व्यवस्थाले दिएको हो । यही व्यवस्थाले दिएको अधिकारले गर्दा पत्रकार, लेखक, बुद्धिजीवीले राष्ट्रपतिसामु उपरखुट्टी लगाएर प्रश्न सोध्न र चित्त नबुझेको कुरा सोझै भन्न पाएका हुन् । 'महाराजहरू' को समयमा त पढ्ने, लेख्ने काम पण्डितहरूले मात्र गर्दथे । पण्डितको माननीय पद राजगुरु र राजपुरोहितसम्मको हुने गर्दथ्यो । त्यो पद पाउन पण्डितले पनि महाराजको चाकरी नै गरेको हुनुपर्दथ्यो । महाराजले नागरिकको ज्ञानगुन र विवेकको मूल्यांकन गरी राज्य सञ्चालनमा त्यसको प्रयोग गर्दैनथे । उस्तै परे बरु परदेशबाट विशेषज्ञ झिकाउँथे । यसरी झिकाइएका विशेषज्ञहरूलाई न राज्यसत्ताको सुसञ्चालनमा चासो हुन्थ्यो, न चासो देखाउने हिम्मत हुन्थ्यो ।

पद्मशमशेर महाराजले आफूलाई 'म जनताको सेवक हुँ' भने । त्यसको मूल्य उनले सत्ता र देशत्याग गरेर चुकाउनुपऱ्यो । राज्यसत्तामा नियन्त्रण राख्नेहरू ज्ञानको शक्तिप्रति विनम्र र विनयी हुन जानेनन् । देशमा बुद्धिजीवीहरूले आत्मसम्मानपूर्ण स्थान कहिल्यै बनाउन सकेनन् । २००७ सालपछिका 'महाराज' हरूमा पनि तात्त्विक अन्तर देखिन सकेको छैन । हिजोका तीनै दरबारिया र हजुरियाकै सन्तानहरू भए आधुनिक समाजका अगुवाहरू ।

नेपाली समाज धर्म, भाषा, जाति र संस्कृतिको विविधताले सिँगारिएको मात्र छैन । यी विविधताका बीच परापूर्वकालदेखि जेलिँदै आएको सम्बन्ध, स्वार्थ र अस्तित्व यो समाजको चरित्र बनेको छ । हामी परिवर्तन चाहन्छौं । तर, यही जेलिएका सम्बन्धहरूको जटिलताले गर्दा परिवर्तनको माग पूरा गर्न हिचकिचाउँछौं, डराउँछौं ।

संघीय गणतन्त्रसँगै नेपालीले हासिल गरेको सबैभन्दा महत्त्वपूर्ण परिवर्तन नागरिकले पाएको राज्यको सार्वभौमसत्ता हो । संविधानमा लेखेर मात्र सार्वभौमसत्तालाई पूर्णता प्राप्त गर्न सक्दैन । त्यसका लागि नागरिकले आफ्नो अधिकारलाई आत्मसात् गर्नु पर्दछ । त्यसको निरन्तर अभ्यास गरिरहनुपर्दछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २७ असोज ०८०

उच्चतम मूल्यमै नेपालबाट भारतमा बिजुली निर्यात

दैनिक २० करोडसम्म आम्दानी, यो आवमा १५ अर्बको निर्यात गर्ने लक्ष्य

मिलन विश्वकर्मा / नयाँ पत्रिका

भारतीय बजारमा विद्युत्को मूल्य बढेसँगै नेपाली बिजुली पनि त्यहाँको उच्चतम मूल्यमा बिक्री हुन थालेको छ। विभिन्न कारणले अहिले भारतमा विद्युत्को अभाव देखिएपछि मूल्य बढेको हो।

नेपाली बिजुली विगत चार दिनयता त्यहाँको उच्चतम मूल्य अर्थात् प्रतियुनिट नेपाली १६ रुपैयाँमा निर्यात भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणले कात्तिक ०७८ देखि भारतको इन्डियन इनर्जी एक्सचेन्ज (आइइएक्स)को डे-अहेड मार्केटमा प्रतिस्पर्धी दरमा विद्युत् खरिद-बिक्री गर्दै आएको छ। यही असोजदेखि आइइएक्सको रियल टाइम मार्केटमा पनि प्रतिस्पर्धी दरमै विद्युत् बिक्री गर्न सुरु गरिएको छ। भारतीय सरकारले त्यहाँ विद्युत् खरिद-बिक्री गर्न प्रतियुनिट अधिकतम १० भारु (नेपाली १६ रुपैयाँ)सम्मको सीमा तोकेको छ। गत मंगलबारदेखि प्राधिकरणले दुवै बजारमा सोही मूल्यमै बिजुली बिक्री गरिरहेको हो।

यसअघि भारतीय बजारमा विद्युत् खरिद-बिक्रीका लागि प्रतियुनिट २० भारुसम्मको सीमा थियो। दुई वर्षअघि त्यो सीमालाई घटाएर प्रतियुनिट १२ भारुमा झारिएको थियो। गत वर्ष त्यो सीमा थप घटाएर प्रतियुनिट १० भारु कायम गरिएको छ। अहिले सोही दरमै विद्युत् निर्यात भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। उनका अनुसार पछिल्लो समय आइइएक्समै औसत मूल्य १० भारुमै विद्युत् खरिद-बिक्री भइरहेको छ।

प्राधिकरणले गत साउनमा प्रतियुनिट आठ रुपैयाँ १३ पैसा र भदौमा प्रतियुनिट १२ रुपैयाँ २७ पैसाको औसत दरमा बिजुली निर्यात गरेको थियो। तर, अहिले औसत १६ रुपैयाँमै विद्युत् निर्यात भइरहेको छ, यसले विद्युत् निर्यातमार्फत हुने आम्दानी बढाउनसमेत सहयोग पुगेको घिसिङको भनाइ छ।

नेपाली बजारको भन्दा बढी मूल्य

अहिले नेपाली बजारमा विद्युत् बिक्रीको औसत मूल्य १० रुपैयाँ प्रतियुनिट छ। त्यसअनुसार प्राधिकरणले नेपालमा बिक्री गरेर पाउने मूल्यभन्दा भारतबाट ६ रुपैयाँ (प्रतियुनिट) बढी मूल्य पाएको देखिन्छ। त्यसमाथि पनि विद्युत् प्राधिकरणले निजी उत्पादकसँग बर्खाको विद्युत् खरिद दर कम तोकेको हुन्छ। प्राधिकरणले यसवेला आयोजनाहरूबाट प्रतियुनिट चार रुपैयाँ ८० पैसामा बिजुली किनेको हुन्छ। त्यसअनुसार १६ रुपैयाँ प्रतियुनिटका दरले विद्युत् निर्यात गर्दा प्राधिकरणलाई उच्च लाभ हुने देखिन्छ।

यद्यपि, निर्यात गरेरभन्दा आन्तरिक खपत बढाउँदा अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने तर्क पनि गरिन्छ। तर, अहिले प्राधिकरणले स्वदेशमा खपत हुन नसकेको बिजुली निर्यात गर्दै आएको छ। त्यो अवस्थामा विद्युत् निर्यातलाई सकारात्मक रूपमा लिइएको छ। यसले नेपालको शोधनान्तर स्थिति (भुक्तानी सन्तुलन)मा समेत राम्रो सहयोग पुग्ने प्राधिकरणको दाबी छ।

दैनिक २० करोड रुपैयाँ आम्दानी

बढी मूल्य पाएपछि बिजुली निर्यातबाट हुने आम्दानी पनि बढेको छ। अहिले बिजुली निर्यातबाट दैनिक २० करोड रुपैयाँसम्म आम्दानी भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताए। 'अहिले मूल्य बढी पाएपछि बिजुली निर्यातबाट हुने आम्दानी पनि बढेको छ। दैनिक २० करोड रुपैयाँसम्म आम्दानी भइरहेको छ,' उनले भने, 'यसले प्राधिकरणको आम्दानीमा ठूलो सहयोग पुग्छ।' अहिले प्राधिकरणले डे-हेड र रियल टाइममा गरेर भारतमा ६ सय ३२ मेगावाटसम्म बिजुली निर्यात गरिरहेको छ।

दुई महिनामा साढे पाँच अर्बको विद्युत् निर्यात


प्राधिकरणले चालू आव ०८०/८१ मा भारततर्फ हुने विद्युत् निर्यात २३.१५ प्रतिशतले बढाएको छ। नेपाल विद्युत् प्राधिकरणबाट प्राप्त चालू आवको भदौं मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो। गत आर्थिक वर्ष ०७९/८० को दुई महिनामा भारतमा चार अर्ब ४१ करोड १५ लाख रुपैयाँबराबरको विद्युत् निर्यात भएको थियो। चालू आवको साउन र भदौ महिनामा पाँच अर्ब ४२ करोड ३१ लाख रुपैयाँको विद्युत् निर्यात भएको छ। साउनमा एक अर्ब ९४ करोड ८४ लाख र भदौमा तीन अर्ब ४८ करोड ४८ लाख रुपैयाँको विद्युत् भारतीय बजारमा निर्यात भएको छ। प्राधिकरणले यो वर्ष भारतमा १३ देखि १५ अर्ब हाराहारीमा विद्युत् निर्यात गर्ने लक्ष्य लिएको छ।

विद्युत् निर्यातले नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको कार्यकारी निर्देशक घिसिङ बताउँछन्। प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। नेपालमा अधिकांश जलविद्युत् आयोजना नदी प्रवाह (आरओआर)मा आधारित छन्। त्यो अवस्थामा बर्खामा खोलामा पानी बढी हुँदा उत्पादन पनि पूर्ण क्षमतामा हुन्छ। यही समयमा भारतमा विद्युत् निर्यातसमेत गर्न सकिन्छ।

नेपालमा विद्युत्को जडित क्षमता २९ सय मेगावाट हाराहारी छ। तर, स्वदेशी माग भने दुई हजार मेगावाट हाराहारी मात्रै छ। त्यो अवस्थामा प्राधिकरणले बर्खामा विद्युत् निर्यात गर्न सक्छ। तर, हिउँदमा खोलामा पानी कम हुँदा उत्पादन स्वदेशी मागभन्दा पनि कम हुन्छ। त्यसवेला स्वदेशी माग धान्न भारतबाटै विद्युत् आयात गर्नुपर्छ। अझै दुई महिना विद्युत् निर्यात गर्न सकिने कार्यकारी निर्देशक घिसिङ बताउँछन्। त्यसपछि भने भारतबाटै विद्युत् आयात गरिने उनको भनाइ छ।

नेपाली बिजुलीका लागि भारतीय बजार निकै ठूलो मानिन्छ। नेपालमा जति विद्युत् उत्पादन हुँदै छन्, सोबराबरको विद्युत् यहीं खपत हुने बजार छैन। अहिले पनि नेपालको विद्युत् खेर गइरहेको अवस्था छ। त्यसैले नेपाली बिजुलीका लागि भारतीय बजार अपरिहार्य छ। साथै, बढ्दो जलवायु परिवर्तनका लागि भारतलाई पनि नेपालको स्वच्छ बिजुलीको आवश्यकता बढ्दो छ। किनकि, भारतमा डिजेल र पावर प्लान्ट चलाउँदा वातावरण नराम्ररी प्रभावित भएको छ। त्यसले गर्दा भारतलाई स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने दबाब छ। नेपाल र भारतबीच ऊर्जामा सहकार्य गर्ने गरी २०१४ मा समझदारी भएको थियो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा गत जेठ १८ गते द्विपक्षीय दीर्घकालीन विद्युत् व्यापार समझदारी पनि भएको थियो। त्यसअन्तर्गत भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्ने गरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा पनि गरेका थिए। त्यससम्बन्धी अन्तिम सम्झौतापत्रको मस्यौदा भारतीय मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि दुवै देशका ऊर्जासचिवले त्यसमा हस्ताक्षर गर्ने तयारी भइरहेको छ।



● किन अभाव भयो भारतमा बिजुली ?


भारतले यसअघि पनि पटक-पटक ऊर्जा संकटको सामना गर्दै आएको छ। यसपालि पनि विभिन्न कारणले भारतमा विद्युत्को अभाव देखिएको छ। भारतमा विद्युत्को मुख्य स्रोत कोइला र डिजेल पावर प्लान्ट हो। अहिले भारतमा आयातीत कोइला महँगो हुँदै गएको छ, त्यसले भारतको विद्युत् उत्पादन प्रभावित भएको छ। यसैगरी, केही दिनअघि सिक्किमको टिस्टा बाँध फुटेर आएको बाढीले १२ सय मेगावाट क्षमताको टिस्टा-३ जलविद्युत् आयोजना बगाएको छ। त्यसपछि भारतको विद्युत् आपूर्तिमा समस्या देखिएको छ। प्राधिकरणका व्यापार विभागका प्रमुख प्रबल अधिकारीका अनुसार अहिले भारतमा मागअनुसार विद्युत्को आपूर्ति हुन सकेको छैन। त्यसले गर्दा पनि भारतीय बजारमा विद्युत्को मूल्य बढ्दै गएको छ।

धितोपत्र बोर्ड र बिमा प्राधिकरणका अध्यक्षविरुद्ध अख्तियारमा उजुरी

नयाँ पत्रिका



रमेशकुमार हमाल



सूर्यप्रसाद सिलवाल

प्रिमियम मूल्यमा साधारण सेयर (आइपिओ) निष्कासन गर्न दिएर नीतिगत भ्रष्टाचार गरेको आरोपमा धितोपत्र बोर्ड र बिमा प्राधिकरणका अध्यक्षसहित चारजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ। १३ जना लगानीकर्ताको हस्ताक्षरसहित अख्तियारमा उजुरी परेको हो।

बोर्डका अध्यक्ष रमेशकुमार हमाल, कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ, बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेलविरुद्ध भ्रष्टाचारको छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको हो। बिमा ऐन, २०७९ को दफा ४५ को उपदफा ५ को प्रतिबन्धात्मक व्यवस्थाविपरीत अख्तियारको दुरुपयोग गरी सिटिजन लाइफ, सन नेपाल लाइफ, आइएमई लाइफ र रिलायबल लाइफसहित चारवटा बिमा कम्पनीहरूलाई अंकित मूल्यभन्दा बढी रकम सर्वसाधारणबाट माग गर्न दिने गरी आह्वानपत्रमा स्वीकृत गरी कानुनविपरीतको कार्य गरेको उजुरीमा आरोप लगाइएको छ।

बिमा ऐन, २०७९ को दफा ४५ को उपदफा ५ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि बिमकले सर्वसाधारणबाट सेयर खरिदका लागि दरखास्त आह्वान गर्दा सेयरको अंकित मूल्यको शतप्रतिशत रकम माग गर्नुपर्नेछ' भन्ने व्यवस्था छ। प्रिमियममा सेयर निष्कासन गरेका बिमा कम्पनीहरूलाई सञ्चालन स्वीकृति (लाइसेन्स) दिँदाको प्रावधान र आईपिओ स्वीकृति दिँदा सम्बन्धित कम्पनी, बिक्री प्रबन्धक, प्रत्याभूतकर्ता, रेटिङ, एजेन्सी, बिमा प्राधिकरण र धितोपत्र बोर्डबाट भएका सम्पूर्ण निर्णय, कागजपत्र, पत्राचारहरूको छानबिन गर्न माग गरिएको छ। प्रिमियममा जारी हुन लागेका अन्य कम्पनीको सेयर निष्कासनसम्बन्धी सम्पूर्ण प्रक्रिया तत्काललाई रोकी धितोपत्र बोर्डले ०७७ सालमा जारी गरेको बुक बिल्डिङ कार्यविधिअनुरूप मात्र जारी गराउने गरी तत्काल रोक्नुपर्ने लगानीकर्ताको माग छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नबिल बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको त्रिपुरेश्वर स्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टर भवनमा रहेको त्रिपुरेश्वर शाखा, हालको स्थानबाट सोहि तल्लाको अर्को भागमा स्थानान्तरण भई यही मिति २०८० आश्विन २९ गते, तदनुसार 16 October, 2023 देखि सुचारु हुने भएको हुँदा र सो शाखामा रहेको लकर मिति २०८० कार्तिक १ गते, तदनुसार 18 October, 2023 मा नयाँ स्थानमा स्थानान्तरण हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

माथि उल्लेखित शाखाको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने समानहरु राख्नु भएको भए लकर सार्नु अगावै मिति २०८० आश्विन ३० गते मंगलबारका दिनसम्म साबिक शाखा कार्यलयबाट कार्यलय समय (बिहान १० बजेदेखि दिउसो ३ बजे) भित्र निकाल्न हुन विनम्र अनुरोध गर्दछौं अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैक जिम्मेवार नहुने कुरा यसै सूचना मार्फत यहाँ हरुलाई जानकारी गराउँदछौं।

साथै हालको त्रिपुरेश्वर शाखामा रहेको साज सज्जा, काठको सामान तथा पुराना प्रयोग नभएका विद्युतिय उपकरणहरु खरिद गर्न कोहि इछुक भएमा यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र इछ्राएको रकम खुलाई निवेदन शाखा कार्यलय वा प्रशासन विभाग, घण्टाघरमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्क फोन नं. ०१५१७०१४, ०१५९१७११५

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाण्डौं फोन नं. ०१-४२३३७८१, ०१-५९७००१५

'वित्तीय सुशासनका लागि नेपाल प्रतिबद्ध छ'

नयाँ पत्रिका



अर्थमन्त्री डा. प्रकाशशरण महतले अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)सँग वित्तीय सुशासन र पारदर्शिता नेपाली माटो सुहाउँदो हुने गरी सुधार गर्ने प्रतिबद्धता जनाएका छन्। कोषका एसिया प्रशान्त हेर्ने उपप्रबन्ध निर्देशक बो लीसँगको भेटमा उनले यस्तो प्रतिबद्धता गरेका हुन्।

भेटमा विस्तारित कर्जा सुविधा (इसिएफ) लिँदा नेपालले राष्ट्र बैंक ऐन संशोधन, वित्तीय क्षेत्रमा सुधार, मौद्रिक नीतिमा सुधारलगायतका विषयमा छलफल भएको थियो। वित्तीय सुशासन, पारदर्शितालगायत कुराहरू नेपालको माटो सुहाउँदो किसिमबाट सुधार गर्न प्रतिबद्ध रहेको बताउँदै अर्थमन्त्री महतले नेपालका केही आवश्यकता बुझ्दिन आइएमएफसँग आग्रह गरे।

'वित्तीय सुशासन, पारदर्शिताप्रति प्रतिबद्ध छौं, तर सबै कुरा भनिएजस्तो हुँदैन, हाम्रा आफ्नै संरचना पनि छन्,' छलफलमा महतले भने, 'बुझ्काइमा समस्या छ, के काम गर्ने भन्ने कुरामा स्पष्ट छौं।' जवाफमा उपनिर्देशक बो लीले भने, 'सुधारको कुरा गर्नुहुन्छ भने हामी सकारात्मक छौं, हामीले सुधार गर भन्ने नै हो।' छलफलपछि इसिएफको तेस्रो किस्ताका लागि कर्मचारी तहमा भएको सम्झौता (एसएलए) आइएमएफ बोर्डबाट पास गर्ने सहमति बनेको छ। छलफलमा अर्थसचिव कृष्णहरि पुष्कर, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलगायतको उपस्थिति थियो।

रद्द भयो एमसिसी प्रसारणलाइन निर्माणको टेन्डर

काठमाडौं / लागतभन्दा बढी मूल्यमा वित्तीय प्रस्ताव परेपछि मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले प्रसारणलाइन निर्माणसम्बन्धी आह्वान गरेको बोलपत्र रद्द गरेको छ। एमसिएले शुक्रबार सूचना जारी गर्दै बोलपत्र रद्द गरेको जानकारी दिएको हो।

अब आवश्यक प्रक्रिया पूरा गरेर छिट्टै नयाँ टेन्डर आह्वान गर्ने एमसिए नेपालको तयारी छ। अमेरिकाबाट मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)ले नै हालको टेन्डर रद्द गरेर नयाँ टेन्डर आह्वान गर्न एमसिए नेपाललाई भनेको थियो। त्यसपछि एमसिए नेपालले यो टेन्डर रद्द गरेको हो।

यसअन्तर्गत कुल तीन सय १५ किलोमिटर लामा चार प्रसारण लाइन बन्दै छन्। त्यसको निर्माणका लागि तीन लटमा विभाजन गरेर गत १२ मंसिर (नोभेम्बर २८) देखि ७ जेठ (२२ मे तारिख)सम्म टेन्डर आह्वान गरिएको थियो। त्यसमा भारतका मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडले संयुक्त, कल्पतरु पावर ट्रान्समिसन लिमिटेड, केइसी इन्टरनेसनल लिमिटेड, ट्रान्सरेल लाइटिङ लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड र लार्सन एन्ड टर्बो लिमिटेड गरेर ६ वटा आवेदन परेका थिए। मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडको संयुक्त प्रस्ताव प्राविधिक रूपमा फेल भएको थियो। प्राविधिक रूपमा पास भएका अन्य पाँच कम्पनीको वित्तीय प्रस्ताव एमसिए नेपालले १९ भदौमा खोलिएको थियो। त्यसक्रममा उक्त तीन लटमा परेको न्यूनतम वित्तीय प्रस्ताव नै लागत अनुमानभन्दा ६६ प्रतिशत बढी थियो।

एमसिए नेपालले प्रसारणलाइनको लागत अनुमान २२ करोड ६ लाख डलर गरेको छ। तर, ३६ करोड ५९ डलरबराबरको न्यूनतम प्रस्ताव परेको थियो। जुन अनुमानित लागतभन्दा १४ करोड ५३ लाख डलरभन्दा बढी हो। उक्त बजेटमा काम गर्दा पैसा नपुग्ने देखिएपछि टेन्डर रद्द गरेर पुनः टेन्डर आह्वान गर्न लागिएको हो।

मुक्तिनाथ कृषि कम्पनी लि.
MUKTINATH KRISHI COMPANY LTD.
(An Associate Company of Muktinath Bikas Bank Ltd.)
Basundhara Ringroad, Kathmandu, Nepal
Tel: +977-1-4950097, Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

WANTED

Industry Experts to Revolutionize Agriculture Value Chain

Muktinath Krishi Company Limited (MKCL), an associate company of Muktinath Bikas Bank Limited, has been a pioneer in the agriculture sector in developing an agriculture ecosystem through institutional value chain management. Currently, we are in search of highly skilled and experienced experts who can contribute as advisory roles in their respective fields to streamline the agriculture and related sectors value chain.

Competencies: We are looking for individuals with at least a Master's degree in relevant fields and a minimum of 15 years of experience.

Required Experts:

1. Value Chain Expert
2. Climate Change Expert
3. Financial Expert
4. Agri-Business Expert
5. Meat Expert
6. Agriculture Mechanization Expert
7. Seed Expert
8. Business Planning Expert
9. Fertilizer Expert
10. Farming System Expert
11. Nutrition Expert
12. Entrepreneurship Expert
13. Horticulturist
14. Marketing Expert
15. International Business Expert
16. R&D Expert
17. Agriculture Economist
18. Herbal Experts (MAPS)
19. Industrialization Expert
20. Development Project Expert

Benefits: Company will pay the expert on an involvement basis.

Application Process:
To apply, please send your resume and a cover letter explaining how your expertise aligns with our requirements to [**email:hr@muktinathkrishi.com**]. Alternatively, you may also drop off your resume and relevant documents at the Human Resources Department of the company. The application deadline is 15 days from the date of this vacancy announcement.

Join us in revolutionizing our value chain and driving the future of agriculture. Your expertise can make all the difference. Apply today and be a part of our success story.

एनआरएनए अध्यक्ष उम्मेदवार शर्माले ल्याए घोषणापत्र

काठमाडौं / गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्षका उम्मेदवार राजेन्द्रकुमार (आरके) शर्माले आफूसँग मध्यपूर्वसहित विश्वभरका एनआरएनएलाई एकताबद्ध बनाउने एजेन्डा रहेको बताएका छन्। शुक्रबार राजधानीमा पत्रकार सम्मेलन गरी उनले आफ्नो वाचापत्रमा मध्यपूर्व, युरोप, अमेरिकालगायत संसारभर बस्ने एनआरएनएलाई समेट्ने योजना समेटिएको दाबी गरे।

उनले भने, 'संसारभर छरिएर रहेका नेपालीलाई समेटेर जाने उद्देश्य छ, मध्यपूर्वले एनआरएनएको २० वर्षे दौरानमा हालसम्म नेतृत्व नपाएकाले हामीलाई सबै अभियन्ताहरूले साथ दिनुपर्छ भन्ने मात्रै हो।' उनले आफूलाई अमेरिका, अस्ट्रेलिया, युरोपलगायतका देशबाट सकारात्मक प्रतिक्रियाहरू आइसकेको भन्दै पूरै टिमले नै चुनाव जित्ने विश्वास व्यक्त गरे। २४ महिनामा २४ वटा काम गर्ने वाचासहित आफू चुनावी मैदानमा खडा भएको उल्लेख गर्दै शर्माले आफ्नो पहिलो प्राथमिकता एनआरएनएहरूबीचको एकता भएको पनि बताए।



'केही समययता गैरआवासीय नेपाली महासंघमा एकता छैन। त्यसले हाम्रो लक्षित उद्देश्य हासिल गर्नमा बाधा पुऱ्याएको छ,' शर्माले भने, 'यसलाई जसरी पनि एकजुट गराउनुपर्ने दायित्व हाम्रो काँधमा आएको छ। मैले निरन्तर रूपमा प्रयास गरिरहेको छु। एकजुट गराएरै छाड्ने प्रण पनि गरेको छु।' शर्मालाई समर्थन गर्दै कार्यसमितिका उपाध्यक्ष डिबी क्षेत्रीले सबैको अपनत्व गराउन श्रमिकको मुद्दालाई स्थापित गर्न र सबैमा अपनत्व बढाउन जरुरी रहेको बताए।

शर्मालाई समर्थन गर्दै उपाध्यक्षका उम्मेदवार बनेका मलेसियाका खगेन्द्र न्यौपानेले शर्माले पेस गरेको २४ महिना २४ वाचा नै आफ्नो एजेन्डा रहेको र शर्मासहित आफू उपाध्यक्षमा निर्वाचित भएमा त्यसलाई कार्यान्वयन गर्ने बताए।

एक्सटेन्सन काउण्टर बन्द गरिएको सूचना

माछापुच्छ्रे बैंकद्वारा संचालित पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. १, भुसालडाँडा स्थित युनाइटेड मिसन अस्पताल अगाडि रहेको एक्सटेन्सन काउण्टर मिति २०८०/०६/२६ को कार्यालय समय पछि बन्द गरिएको व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुलाई जानकारी गराउँदछौं साथै उक्त एक्सटेन्सन काउण्टरबाट प्रदान गरिदै आएको सम्पूर्ण बैंकिङ्ग सेवा पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ४, सिल्खान टोल, पाल्पा बजार स्थित शाखा कार्यालय पाल्पाबाट उपलब्ध गराउने व्यहोरा जानकारी गराउँदछौं।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ०१-४४२७४१६

आइसिसी एकदिवसीय विश्वकप

भारत र पाकिस्तान विश्वकपमा आठौँपटक भिड्दै

श्रीलोचन राजोपाध्याय

भारत र पाकिस्तानबीचको खेललाई सधैँ हेभिवेट भिडन्तका रूपमा लिने गरिन्छ। संसारको जुनसुकै कुनामा भए पनि यी दुईबीचको भिडन्त रोमाञ्चकताले भरिएको हुन्छ। दुई छिमेकी राष्ट्रबीचको राजनीति र आन्तरिक कारणले क्रिकेट खेलमा एक-आपसका प्रतिद्वन्द्वी हुँदा खेल प्रतिस्पर्धात्मक बन्ने गरेको हो। आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा दुई राष्ट्रबीच सन् १९९२ देखि प्रतिस्पर्धा भइरहेको छ। चालू विश्वकपमा भारत र पाकिस्तानबीच शनिबार अहमदाबादको नरेन्द्र मोदी रंगशालामा खेल हुँदै छ। विश्वकपमा उनीहरू लगातार आठौँपटक भिड्न लागेका हुन्। भारतले अघिल्ला सात भेटमा पाकिस्तानलाई एकपक्षीय रूपमा हराएको छ। पाकिस्तानले भारतलाई एकपटक पनि एकदिवसीय विश्वकपमा हराउन सकेको छैन। यसपटक पाकिस्तान उत्कृष्ट फर्ममा छ। पाकिस्तानका कप्तान बाबर अजाम र भारतका कप्तान रोहित शर्मा पनि लयमा देखिएका छन्। यो खेल ब्याटिङ र बलरबीचको होडबाजीसमेत हो। भारतमा आयोजना भइरहेको विश्वकपमा दुवै टोलीले समान दुई खेल जितेका छन्। भारतले घरेलु मैदान र दर्शकको फाइदा लिन सक्छ। नरेन्द्र मोदी रंगशालामा भारत पाकिस्तानमाथि विश्वकपमा अपराजित यात्रा राख्न चाहन्छ। पाकिस्तान भने विश्वकपमा भारतलाई पहिलोपटक हराउने योजनामा छ।

विश्वकपमा हेड टु हेड

देश	जित	हार	उच्च योगफल	कम योगफल
भारत	७	०	३३६	२१६
पाकिस्तान	०	७	२७३	१७३

नतिजा

१९९२ - भारत ४३ रनले विजयी
१९९६ - भारत ३९ रनले विजयी
१९९९ - भारत ४७ रनले विजयी
२००३ - भारत ६ विकेटले विजयी
२०११ - भारत २९ रनले विजयी
२०१५ - भारत ७६ रनले विजयी
२०१९ - भारत डिएलएसअनुसार ८९ रनले विजयी



सन् १९९२

भारत : २१६/७
पाकिस्तान : १७३/१०

एकदिवसीय विश्वकपमा भारत र पाकिस्तानबीच पहिलो भेट पाँचौँ संस्करणमा भएको थियो। न्युजिल्यान्ड र अस्ट्रेलियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपको नाम वेन्सन हेड्गेस राखिएको थियो। अस्ट्रेलियाको सिड्नीमा भारतले पाकिस्तानलाई विश्वकपको पहिलो भेटमै ४३ रनले निराश बनाएको थियो। यसै विश्वकपमा सचिन तेन्दुलकरले डेब्यु गरेका थिए। भर्खरका युवा खेलाडी सचिनले पाँचौँ क्रममा ब्याटिङ अर्डर पाएका थिए। एकदिवसीयमा पहिलोपटक उत्कृष्ट ब्याटिङ गरी उनले ५४ रनको महत्त्वपूर्ण योगदान गरे। भारतले ४९ ओभरमा सात विकेटको क्षतिमा दुई सय २१ रन बनाएको थियो।

प्रत्युत्तरमा पाकिस्तान ४८.१ ओभरमा एक सय ७३ रनमा समेटियो। भारतको जितमा मनोज प्रभाकर, कपिल देव र जगवाल श्रीनाथले समान दुई विकेट लिएका थिए। प्रभाकरले एक मेडन राखी २२ रन खर्चेका थिए। पाकिस्तानका लागि आमिर सोहेलले एक सय तीन बलमा ६२ रन र जाभेद मियादाँदले एक सय १३ बलमा ३० रन बनाए। भारतको ब्याटिङमा सचिनले ६२ बलमा तीन चौका प्रहार गरे। ओपनर अजय जडेजाले ४६ रन तथा कप्तान कपिलले २६ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३५ रन बनाए। भारतसँग पराजित भएको पाकिस्तानले पहिलोपटक विश्वकप उपाधि नै उचाल्यो। पाकिस्तानमा त्यसवेला विश्वस्तरीय फास्ट बलर इमरान खान, अकिव जाभेद र वासिम अक्रम थिए।

सन् १९९६

भारत : २८७/८
पाकिस्तान : २४८/९

बेंग्लोरको चिन्नस्वामी रंगशालामा भारत र पाकिस्तानबीच क्वार्टरफाइनल भयो। भारतले लगातार दोस्रोपटक पाकिस्तानलाई ३९ रनले हरायो। पहिलो ब्याटिङ गरेको भारतले सात विकेटको क्षतिमा दुई सय ८७ रन बनायो। पाकिस्तानले ४९ ओभरमा दुई सय ४८ रनको योगफल बनायो। भारतको जितमा ओपनर नवज्योतसिंह सिन्धुले सर्वाधिक ९३ रन बनाए। उनले एक सय १५ बलमा ११ चौका प्रहार गरेका थिए। ओपनर सचिन तेन्दुलकरले ३१ रन जोडे। मध्यक्रममा अजय जडेजाले आक्रामक ब्याटिङ गरी २५ बलमा चार चौका र दुई छक्का प्रहार गरी ४५ रन बनाए। पाकिस्तानका लागि वकार युनिस र मुस्ताक अहमेदले समान दुई विकेट लिए। फास्ट बलर अकिव जाभेदले एक विकेट लिन ६७ रन खर्चे।

प्रत्युत्तरमा पाकिस्तानले ४९ ओभरमा नौ विकेट गुमाएर दुई सय ४८ रन जोड्यो। पाकिस्तानलाई ३९ रनले निराश बनाउन भारतका विंकेटेश्वर प्रसादले तीन तथा अनिल कुम्बलेले तीन विकेट लिए। पाकिस्तानका लागि आमेर सोहेलले ५५ रन र सइद अनवरले ४८ रन बनाए। मध्यक्रममा सलिम मलिका र जाभेद मियादाँदले समान ३८ रन बनाए। पाकिस्तानले पाँच छक्का प्रहार गरेको थियो।

सन् १९९९

भारत : २२७/६
पाकिस्तान : १८०/१०

मध्यम गतिका फास्ट बलर वेंकेटेश्वर प्रसादले विश्वकपमै पहिलोपटक पाँच विकेट लिएको खेलमा भारतले पाकिस्तानलाई ४७ रनले हरायो। इंग्ल्यान्डको म्यानचेस्टरमा भएको खेलमा भारतले पहिलो ब्याटिङ गरी ५० ओभरमा सात विकेट गुमाएर दुई सय २७ रन बनायो।

खेलमा सचिनले ६५ बलमा ४५ रन र राहुल द्रविडले ६१ रनको योगदान दिए। कप्तान मोहमद अजुरुद्दिनले ५९ रन बनाए। बलिङमा पाकिस्तानका वासिम अक्रमले २७ रन खर्चेर दुई विकेट हात पारे। अजर महमुदले दुई विकेट लिए। सोयब अख्तरले एक विकेट हात पारे।

पाकिस्तानले तेस्रो भेटमा भारतलाई हराउन सक्ने अवस्था थियो। तर, प्रसादले घातक बलिङ गरेपछि पाकिस्तानले मध्यम योगफल पनि कटाउन सकेन। पाकिस्तान ४५.३ ओभरमा एक सय ८० रनमा अलआउट भयो। पाकिस्तानका लागि मोइन खानले ३४ रन, इन्जमाम उलहकले ४१ रन र सइद अनवरले ३६ रन बनाएका थिए। खेलमा पाकिस्तानका अन्य कुनै पनि ब्याट्सम्यानले गतिलो योगदान दिन सकेनन्।

सन् २००३

पाकिस्तान : २७३/७
भारत : २७६/४

दक्षिण अफ्रिकाले पहिलोपटक आयोजना गरेको विश्वकपमा भारत र पाकिस्तान पोल 'ए'मा रहे। विश्वकपमा भारतविरुद्ध पहिलोपटक ब्याटिङ गरेको पाकिस्तानले ५० ओभरमा दुई सय ७३ रनको चुनौतीपूर्ण योगफल खडा गऱ्यो। प्रत्युत्तरमा भारतले सचिन तेन्दुलकरको विस्फोटक ब्याटिङ महतमा पाकिस्तानमाथि ६ विकेटको जित निकाल्यो। भारतले ४५.४ ओभरमा बाजी मारेको थियो। म्यान अफ दी म्याच सचिनले ७५ बलमा १२ चौका र एक छक्का प्रहार गरी ९८ रन जोडे।

युवराज सिंहले ५० रन र राहुल द्रविडले ४४ रनको योगदान दिए। पाकिस्तानका लागि वकार युनिसले दुई विकेट लिन ७१ रन खर्चे। फास्ट बलर सोयब अख्तरले ७२ रन दिँदै एक विकेट लिए। यसअघि पाकिस्तानको ब्याटिङमा ओपनर सइद अनवरले एक सय एक रनको शतकीय इनिङ्स खेलेका थिए। उनले एक सय २६ बलमा सात चौका प्रहार गरे। युनिस खानले ३२ रन र मोहमद युसुफले २५ रन बनाए। भारतका लागि जाहिर खानले दुई विकेट हात पारे।

सन् २०११

भारत : २६०/९
पाकिस्तान : २३१/१०

सन् १९९२ देखिको विश्वकपमा भारत र पाकिस्तानबीचको भिडन्तले निरन्तरता पाइरहेको थियो। सन् २०११ को सेमिफाइनलमा भारतले पाकिस्तानलाई २९ रनले निराश बनाउँदै फाइनल स्थान पक्का गऱ्यो। पन्जाब रंगशालामा भारतले पहिलो ब्याटिङ गरी ५० ओभरमा नौ विकेट गुमाएर दुई सय ६० रन बनायो। पाकिस्तानले ४९.५ ओभरमा सबै विकेट गुमाएर दुई सय ३१ रन जोड्यो। भारतका लागि ओपनर सचिन तेन्दुलकरले एक सय १५ बलमा ११ चौकाको सहयोगमा ८५ रन र वीरेन्द्र सेहवागले ३८ रन बनाएका थिए। मध्यक्रममा कप्तान महेन्द्रसिंह धोनीले २५ रन र सुरेश रैनले ३६ रन बटुले। पाकिस्तानका लागि वाहव रिआजले ४६ रन खर्चेर पाँच विकेट हात पारे।

विश्वकपमा तेस्रोपटक फाइनल पुग्ने अवसर पाएको पाकिस्तान दुई सय ३१ रनमा समेटियो। पाकिस्तानका लागि मिस्वाउल हकले सर्वाधिक ५६ रनको योगदान दिए। ओपनर मोहमद हफिजले ४३ रन र असान सफिकले ३० रन बनाए। भारतका लागि पाँचै बलरले समान दुई विकेट हात पारेका थिए।

सन् २०१५

भारत : ३००/७
पाकिस्तान : २२४/१०

सन् २०१५ को विश्वकपमा भारत र पाकिस्तान पोल बीमा रह्यो। भारतले पहिलो ब्याटिङ गरी ५० ओभरमा सात विकेटको क्षतिमा तीन सय रन बनायो। पाकिस्तानले ४७ ओभरमा सबै विकेटको क्षतिमा दुई सय २४ रन बनायो। भारतको ब्याटिङमा विराट कोहलीले एक सय सात रनको शतकीय इनिङ्स खेल्न आठ चौका प्रहार गरे। शिखर धवनले ७३ रन र सुरेश रैनले ७४ रन जोडे। बलिङका क्रममा पाकिस्तानका सोहेल खानले ५५ रनमा पाँच विकेट हात पारे। प्रत्युत्तरमा पाकिस्तानका लागि मिस्वाउल हकले सर्वाधिक ७६ रनको योगदान दिए। उनले ८४ बलमा नौ चौका र एक छक्का प्रहार गरे। ओपनर अहमेद सेजाहदले ४७ रन बनाए। भारतका लागि मोहमद सामीले ३५ रनमा चार विकेट लिए।

सन् २०१९

भारत : ३३६/५
पाकिस्तान : २१२/६

गत संस्करणको २२औँ खेलमा भारतले पुनः एकपटक चिरपरिचित प्रतिद्वन्द्वी पाकिस्तानमाथि डिएलएस नियमअनुसार ८९ रनले हरायो। म्यानचेस्टरमा भएको खेलमा भारतले पहिलो ब्याटिङ गरी ५० ओभरमा ६ विकेट गुमाएर तीन सय ३६ रन जोडेको थियो। वर्षाले प्रभावित पारेको खेलमा पाकिस्तानले ४० ओभरमा ६ विकेट गुमाएर दुई सय १२ रन बनाएको थियो। भारतका लागि म्यान अफ दी म्याच रोहित शर्माले एक सय १३ बलमा एक सय ४० रन बनाए। उनले १४ चौका र तीन छक्का प्रहार गरे। ओपनर लोकेश राहुलले ५७ रन र हार्दिक पाण्ड्याले २६ रन जोडे। पाकिस्तानको ब्याटिङमा फखर जमानले ६२ रन र बाबर अजामले ४८ रन जोडे। यी दुवैबीचको साझेदारी हुँदा पाकिस्तानले जितको आशा देखेको थियो। पुछारका इमाद वासिमले ३९ बलमा ४६ रन र सदाव खानले २० रन बनाए। बलिङमा भारतका लागि विजय शंकर, हार्दिक र कुलदीप यादवले समान दुई विकेट लिए।

(एजेन्सीको सहयोगमा)

काभा भलिबलमा नेपालको दोस्रो हार

नयाँ पत्रिका

श्रीलंकामा चलिरहेको सेन्ट्रल एसियन भलिबल एसोसिएसन काभा पुरुष भलिबल च्यालेन्ज कपमा नेपालले दोस्रो हार व्यहोरेको छ। कोलम्बोमा शुक्रबार भएको खेलमा नेपाल साउदी अरेबियासँग ३-२ को सेटमा पराजित भयो। हारसँगै नेपालको फाइनल खेल्ने सम्भावना कमजोर बनेको छ। शनिबार हुने खेलमा नेपालले बलियो उज्वेकिस्तानलाई चार सेटभित्रै हराए फाइलन पुग्नेछ। हार वा पाँचौँ सेटसम्म खेल जाँदा नेपालको उपाधि जित्ने सम्भावना समाप्त हुनेछ। उज्वेकिस्तानविरुद्ध अप्रत्याशित जित निकालेमा नेपालले ऐतिहासिक सफलता प्राप्त गर्नेछ। नेपालले सेन्ट्रल एसियन भलिबलमा कांस्य पदक मात्रै जितेको छ। प्रतियोगितामा आयोजक श्रीलंका फाइनल पुगेको छ।

साउदीसँग पाँचौँ सेटमा पराजित

कोलम्बोस्थित सुगाथादास इन्डोर रंगशालामा नेपालले अग्ला कदका साउदी अरेबियाका खेलाडीबीच पाँच सेट खेलेको थियो। खेलको पहिलो सेट २२-२५ ले गुमाएको नेपालले दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पार्दै खेल १-१ को बराबरीमा पुऱ्याएको थियो। नेपालले तेस्रो सेट २३-२५ ले गुमायो। चौथो सेट अनेपक्षित रूपमा निकै रोमाञ्चक बनेको



थियो। नेपालले चौथो सेट २७-२५ ले जित्दै २-२ को बराबरी गर्न सफल भयो। पाँचौँ तथा निर्णायक सेट नेपालले १६-१४ ले गुमाएको हो।

यसअघि नेपालले बंगलादेशलाई ३-१ को सेटमा तथा अफगानिस्तानलाई ३-२ को सेटमा पराजित गरेको थियो। श्रीलंकासँग सोझो सेटमा पराजित भयो। नेपालको चार खेलबाट ६ अंक छ। पहिलो जित निकालेको साउदी अरेबियाको चार खेलबाटै तीन अंक मात्रै छ। साउदी अरेबियाको यो पहिलो जित हो। यसअघि साउदी अरेबिया श्रीलंका र उज्वेकिस्तानसँग समान ३-० र बंगलादेशसँग ३-२ को सेटमा पराजित भएको थियो। प्रतियोगितामा नेपालसहित बंगलादेश, श्रीलंका, अफगानिस्तान, साउदी अरेबिया, उज्वेकिस्तान सहभागी छन्।

काठमाडौं म्याराथन आज

काठमाडौं/ १५औँ संस्करणको काठमाडौं म्याराथन शनिबार (आज) हुँदै छ। प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ। म्याराथनअन्तर्गत फुल म्याराथन ४२.१९५ किमि, हाफ म्याराथन, पाँच किमि, खुला, स्कुल, फ्यामिली रन गरी विभिन्न विधामा प्रतिस्पर्धा हुनेछ। म्याराथनमा १२ जना, हाफ म्याराथनमा १६ र पाँच किमि ओपनमा तीनजना गरी ३१ धावकले भाग लिनेछन्। यसपटक जर्मनीबाट सर्वाधिक चार धावकले भाग लिनेछन्। भारतबाट तीन, जापानबाट दुई, ब्राजिलबाट एकजनाले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ। समग्रमा २० राष्ट्रका ३० विदेशी धावकले प्रतिस्पर्धा गर्नेछन्।

नेपालबाट सुशान्त डोटेलले हाफ म्याराथनमा प्रतिस्पर्धा गर्नेछन्। यसपटक म्याराथनतर्फ पुरुष र महिला विजेताले समान एक लाख पाउनेछन्। उपविजेताले ५० हजार र तेस्रो स्थानकाले २५ हजार प्राप्त गर्नेछन्। म्याराथनमा सहभागी सबै खेलाडीहरूको एकदिने बिमा गरिएको छ। म्याराथन दौड त्रिपुरेश्वरबाट सुरु भई सहरका विभिन्न भाग परिक्रमा गरी सोही ठाउँमा पुगेर सम्पन्न हुनेछ। अन्तर्राष्ट्रिय म्याराथन चलिरहँदा सवारीसाधन नचलाउन आग्रह गरेको छ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अर्जेन्टिना अगाडि बढ्दा ब्राजिल रोकियो

एजेन्सी/ फिफा विश्वकप फुटबल प्रतियोगिताको साबिक विजेता अर्जेन्टिनाले सन् २०२६ अन्तर्गत दक्षिण अमेरिकी छनोटमा पाराग्वेमाथि कठिन जित निकालेको छ। अर्जेन्टिनाले पाराग्वेलाई १-० ले हरायो। विश्वकपको सर्वाधिक पाँचपटकको विजेता ब्राजिलले भने भेनेजुएलासँग १-१ को बराबरीमा रोकेको छ। पाराग्वेविरुद्धको खेलमा अर्जेन्टिनाले तेस्रो मिनेटमै १-० को अग्रता लिएको थियो। रक्षक निकोलस ओटामेन्डीले अर्जेन्टिनालाई अग्रता दिलाएका हुन्। रोड्रिगो डी पाउलले कर्नरमा ओटामेन्डीले बक्समभित्रबाट भली गोल गरे।

यसपछि दुवै टोलीले केही अवसर बनाए। तर, प्राप्त अवसरमा गोल नहुँदा अर्जेन्टिना ओटामेन्डीको गोलमा विजयी भयो। अर्जेन्टिनाले तीन खेलबाट सर्वाधिक नौ अंक जोडेको छ। छनोट चरणमा अर्जेन्टिनाले शतप्रतिशत जित निकालेको छ। ब्राजिल समान खेलबाट सात अंक जोड्दै दोस्रो स्थानमा छ। कोलम्बिया र उरुग्वे तेस्रो र चौथो स्थानमा छन्।

पाराग्वेविरुद्ध कप्तान लियोनल मेसी दोस्रो हाफमा मैदानभित्र प्रवेश गरेका थिए। शतप्रतिशत फिट नभएका कारण उनले मध्यान्तरपछि अवसर पाए। उनले युवा खेलाडी जुलियन अल्भारेजलाई विस्थापन गरे। मेसीले प्रहार गरेका दुई उत्कृष्ट प्रहार पोस्टमा लागेर फर्किएका थिए। ३६ वर्षीय मेसी अमेरिकी क्लब इन्टर मियामीबाट व्यावसायिक फुटबल खेलिरहेका छन्।

गत डिसेम्बरमा कतारमा आयोजना भएको फिफा विश्वकपमा फ्रान्सलाई हराउँदै अर्जेन्टिना च्याम्पियन भएको थियो। दक्षिण अमेरिकी विश्वकप छनोटमा कोलम्बियाले उरुग्वेलाई २–२ मा रोक्यो। इक्वेडरले बोलिभियालाई २–१ ले पाखा लगायो।

फिफा विश्वकप २०२६ अन्तर्गत दक्षिण अमेरिकी छनोटमा साबिक विजेता अर्जेन्टिनाको लगातार तीन खेलमा जित



ब्राजिलले अग्रता जोगाउन सकेन

ब्राजिलले सुरुवात अग्रता रक्षा गर्न नसक्दा भेनेजुएलासँग बराबरीको नतिजा सामना गर्न बाध्य भयो। दुई टोलीबीच पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको ५०औँ मिनेटमा ब्राजिलका ग्याब्रियल मागालहाइसले १-० का लागि गोल गरे। उनले नेमारको पासमा सटीक गोल गरे। खेलको ८५औँ मिनेटमा भेनेजुएलाले बराबरी गोल फर्काएको थियो। एडुआर्ड बेलोले भ्रमणकारी टोलीको हार टारे। जेफर्सन साभारिनोले मिलाएको पासलाई एडुआर्डले गोल गरे। भेनेजुएलाविरुद्ध नेमारसँगै रिचार्लिसन, राड्रिगो, भिनिसियस जुनियरले गोल गर्न सकेनन्।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com